मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

धानखेतीलाई परम्परागत प्रणालीबाट आधुनिक प्रविधिमा रुपान्तरण गर्नुपर्छः उपराष्ट्रपति यादव



समाचार पृष्ठ ७ मा

● वर्ष ३ ● अंक २२७ ● २०८२ साल असार १६ गते सोमबार ● Monday 30, June 2025 ● सूर्योदयः बिहान ५:१४ बजे ● सूर्यास्तः साँझ ७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जम्मा २० प्रतिशत रोपाइँ, मधेशमा ३.९ प्रतिशत मात्रै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
यस वर्ष असार १५ गतेसम्ममा देशभर २० प्रतिशत मात्र रोपाइँ भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्यांकमा देशभर २०.३ प्रतिशत धान रोपाइँ भएको उल्लेख छ ।
१३ लाख ९१ हजार ३ सय २१ हेक्टर जमिनमा धान खेती हुने गरेकामा २ लाख ८१ हजार ८ सय ४ हेक्टर जमिनमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ । अघिल्लो वर्ष असार १६ गतेसम्ममा २१.३ प्रतिशत धान रोपाइँ भएको थियो । गत वर्षको तुलनामा यो वर्ष अहिलेसम्म १ प्रतिशत रोपाइँ कम भएको छ ।
मन्त्रालयका अनुसार सूदूरपश्चिममा ४९.२ प्रतिशत धान रोपाइँ भएको छ । गतवर्ष यस अवधिमा सूदूरपश्चिममा ५४.२ प्रतिशत धान रोपाइँ भएको थियो । कर्णाली प्रदेशमा ३९.१ प्रतिशत धान रोपाइँ सकिएको छ । गत वर्षको यस अवधिसम्म भने ४७ प्रतिशत रोपाइँ भएको थियो । लुम्बीनी प्रदेशमा २४.३ प्रतिशत धान रोपाइँ भएको छ । गतवर्ष यस अवधिमा २२.८ प्रतिशत धान रोपाइँ भएको थियो । गण्डकी प्रदेशमा २८.२ प्रतिशत धान रोपाइँ भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । गतवर्ष यस अवधिमा २१.९ प्रतिशत मात्रै धान रोपाइँ भएको थियो ।
यस्तै, बागमती प्रदेशमा २०.५ प्रतिशत धान रोपाइँ भएको छ भने मधेश प्रदेशमा सबैभन्दा कम ३.९ प्रतिशत धान रोपाइँ भएको मन्त्रालयले जनाएको छ । कोशी प्रदेशमा १४.३ प्रतिशत धान रोपाइँ सकिएको छ ।

## ‘आधुनिक खेती प्रणालीमार्फत किसानको जीवनस्तर उकासिने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय धान दिवसको अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सम्पूर्ण मधेशबासी र देशभरका किसानलाई शुभकामना व्यक्त गरेका छन् । उनले आधुनिकखेती प्रणालीमार्फत किसानको जीवनस्तर उकास्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।
मुख्यमन्त्री सिंहले कृषिलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा लिँदै खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्न प्रदेश सरकारले ‘मधेशले देशलाई खुवाउने’ दीर्घकालीन अभियान अघि बढाएको बताए । ‘उत्पादन मधेशमा, विस्तार देशमा’ भन्ने मूल नारालाई आधार मानेर कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै कृषिजन्य वस्तुको आयात घटाउने र निर्यात प्रवद्र्धन गर्ने सरकारको स्पष्ट रणनीति रहेको उनले उल्लेख गरेका छन् ।
उनका अनुसार धान उत्पादनलाई सुदृढ बनाउने लक्ष्यका साथ ‘दुई धान बाली प्रवद्र्धन कार्यक्रम’ कार्यान्वयनमा ल्याइएको छ । साथै माटोको उर्वरता सुधार, सिँचाइमा आत्मनिर्भरता, यान्त्रीकरण, विद्युतीकरण र व्यवसायीकरणलाई सरकारले उच्च प्राथमिकतामा राखेको उनले जानकारी दिए ।
मुख्यमन्त्री सिंहले जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्दै जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र प्रवद्र्धनमार्फत धान बालीको दिगो विकास सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताए । आधुनिक खेती प्रणालीको विस्तार, उन्नत बीउ, मल तथा सिँचाइ सुविधाको सहज पहुँचमा पु¥याउँदै किसानको जीवनस्तर उकास्न सरकार निरन्तर सक्रिय रहेको उनले उल्लेख गरे ।
‘राष्ट्रिय धान दिवसले हामी सबैलाई खाद्य सुरक्षामा आत्मनिर्भर बन्ने साझा सङ्कल्प र प्रेरणा मिलोस्,’ उनले भने, ‘सम्पूर्ण किसान दाजुभाइ दिदीबहिनीप्रति सम्मानसहित शुभकामना व्यक्त गर्दछु ।’

## किसानलाई समयमा मलखाद उपलब्ध गराउनुपर्छ



**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल किसान महासंघ रौतहट जिल्ला कार्य समितिले धान रोपाइँ कार्यक्रम गरेको छ । नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्ण प्रसाद यादवको प्रमुख आतिथ्यमा रोपाइँ कार्यक्रम भएको हो । ‘आफ्नो देशको उत्पादन हाम्रो शान !
कृषिमा उन्नति हाम्रो अभियान’ भन्ने नाराका साथ नेपाली कांग्रेस गौरको समन्वयमा गौर–४ सोबर्नामाईको प्राङ्गणमा आइतबार बिहान कार्यक्रम गरिएको हो । कार्यक्रममा यादवले नेपाली कांग्रेसले किसानको हक अधिकारका लागि सधैँ आवाज उठाउँदै आएको र किसानका दुःख–पीडा समाप्त गर्न दीर्घकालीन सोचका साथ अगाडि बढिरहेको बताए । किसानलाई मलखाद समय उपलब्ध गराउनु पर्ने उनले बताए ।
सभापति यादवले जलवायुमैत्री प्रविधि, आधुनिक कृषि खेतीको अनुसन्धान, विकास र प्रवद्र्धनमार्फत धान, मकैलगायतका बालीको उत्पादन बढाउन मधेश सरकारले ठोस कदम चाल्नुपर्नेमा जोड दिए । उनले यसका लागि आफूहरू साथ दिन तयार रहेको पनि स्पष्ट पारे ।
यादवले प्रदेशमा आफ्नै पार्टीको कृषि मन्त्री भएको र आधुनिक खेती प्रणालीको विस्तार, उन्नत बीउ, मल र सिँचाइ सुविधाको सहज पहुँचमार्फत कृषकको जीवनस्तर उकास्ने लक्ष्यअनुरूप आवश्यक नीति तथा कार्यक्रमहरू समावेश गरिएको बताए । उनले धान दिवस, असार १५ को अवसरमा सम्पूर्ण किसान दाजुभाइ तथा दिदी–बहिनीलाई शुभकामना दिए ।
मधेश प्रदेश सरकारलाई शतप्रतिशत बजेट विनियोजन गर्न आवश्यक पहल गर्न उनले आग्रह गरे । उनले आफू किसानको समस्यासँग परिचित रहेको र त्यसलाई समाधान गर्न गम्भीर रहेको बताए । कार्यक्रममा कांग्रेसका नेताकार्यकर्तासँगै स्थानीयको सहभागिता रहेको कांग्रेस प्रचारप्रसार प्रमुख नितेश कुमार गुप्ताले बताए ।

## कागजी खेलमै हराउँदै जनकपुरको धार्मिक चिनारी

**दिपक कर्ण**
**जनकपुरधाम ।**



जनकपुरधामको ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक महत्व बोकेको जनक सरोवर लोप हुने अवस्थामा पुगेको छ । सीतारामको पवित्र नगरी जनकपुरधाममा अवस्थित यो पोखरी केबल जलाशय मात्र नभएर मिथिला सभ्यताको प्रतीक स्वरूप मानिन्छ । तर, पछिल्लो समय यस पोखरीको वास्तविकता मेटाउने नियोजित कागजी चलखेल र सरकारी निकायको उदाशीनताले जनकपुरधामबासीलाई चिन्तित तुल्याएको छ ।
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १ मा अवस्थित जनक सरोवरको अस्तित्व नापी अभिलेखमै प्रमाणित छ । नापी कार्यालय धनुषाले २०२६ साल मंसिर १७ गते तयार पारेको फिल्ड बुक अनुसार ‘जोताहा महल’ क्षेत्रभित्र जनक सरोवर र ‘बिरह महल’ मा अर्को पोखरीको नाम उल्लेख छ । त्यसबेला जनक सरोवरको क्षेत्रफल करिब ३ कट्ठा रहेको नापी अभिलेखमा देखिन्छ । तर, पछि २०४४ साल फागुन १३ गते भएको नापीमा पोखरीको क्षेत्रफल घटाएर २ कट्ठा १८ धुर कायम गरिएको छ । गुठी संस्थानले जानकी मन्दिर गुठीको नाममा फारम नम्बर १ क मा ‘पोखरी’ उल्लेख गरेको छ ।
इतिहासविद् प्रफुल्लराज घिमिरेका अनुसार, २०२६ सालको नापी विवरणको आधारमा पोखरीको पहिचान स्पष्ट छ । तर, २०४४ को नापीमा क्षेत्रफल कम गरिनु र त्यसपछि कागजका भरमा जग्गा अन्य प्रयोजनका लागि प्रयोग गर्न थालिनुमा शंका उठेको छ । ‘यही आधारमा पोखरीको अस्तित्व मेटाउने कार्य भएको हो भने यो सांस्कृतिक धोखाधडी हो,’ घिमिरे भन्छन् । उनका अनुसार जनक सरोवर पानी जमेको स्थान नभई यो मिथिला परम्परासँग जोडिएको स्थल हो । यहाँ जनक–सीता सम्बन्धित पूजाआजा र विशेष धार्मिक कार्यक्रम सञ्चालन गरिन्थ्यो ।
जनकपुरधाममा विगत केही वर्षदेखि धार्मिक सम्पदा संरक्षणको नाममा विभिन्न अभियान, संगठन र समूहहरू देखा परेका छन् । तर, जनक सरोवरजस्तो ठूला ऐतिहासिक पोखरी लोप हुँदै गर्दा कुनै पनि समूहको ध्यान यसतर्फ नगएकोमा इतिहासविद, अभियानी र स्थानीय नागरिकहरूको आलोचना भइरहेको छ । घिमिरे कटाक्ष गर्दै भन्छन्, ‘आज ऐतिहासिक पोखरी मासिँदै छ । तर, ‘धार्मिक अभियानी’, ‘सरोकारवाला’ र ‘सचेत समूह’ मौन छन् । यदि उनीहरूको ध्यान एकपटक यता केन्द्रित भएको भए पोखरी बच्थ्यो ।’
जनक सरोवरको संरक्षणका लागि गुठी संस्थान, स्थानीय प्रशासन, नगरपालिकाजस्ता निकायहरू जिम्मेवार छन् । तर, अहिलेसम्म कुनै ठोस कदम चालिएको देखिदैँन । स्थानीयका अनुसार अहिले पनि जनक सरोवर जोगाउन सम्भव छ । तर, त्यसका लागि तत्काल छानबिन समिति गठन, नापी अभिलेखको सत्यता परीक्षण, किर्ते कागजातको कानूनी समीक्षा र पोखरी पुनस्थापनाको ठोस कार्ययोजना चाहिन्छ । घिमिरे भन्छन्, ‘जनकपुरधामको मूल पहिचानमध्ये एक जनक सरोवर हो । यसको अस्तित्व मेटिने हो भने त्यो केबल पोखरीको लोप मात्र नभई मिथिला इतिहासको अपमान हुनेछ ।’

## १७ हजार युवा विदेशिँदा २४ को मृत्यु, ५९४ ठगिए

**मनोज माझी**
**सप्तरी ।**
मुलुकमा रोजगारी अभावमा विदेशिन बाध्य भएकामध्ये एक वर्षको अवधिमा सप्तरीका दुई दर्जन व्यक्तिले ज्यान गुमाएका छन् । जसमध्ये कोही कार्यक्षेत्रमा दुर्घटना त कोही बिरामी परेर ज्यान गुमाएका हुन् ।



राजविराज नगरपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीका लागि गरेको अन्तरक्रियामा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो ।
सुरक्षित आप्रवासन (सामी) का जिल्ला कार्यक्रम संयोजक राजेन्द्र कुमार यादवद्वारा प्रस्तुत आव २०८१–८२ को जेठ महिनासम्मको अवधिमा सप्तरीबाट विभिन्न मुलुकमा रोजगारीका लागि २ सय २९ महिला र १६ हजार ८ सय ९३ पुरुषसहित १७ हजार १ सय २२ जनशक्ति बाहिरिएको उल्लेख गरिएको छ । जसमध्ये २४ जनाको ज्यान गएको छ । यसरी ज्यान गुमाउनेमा खडक नगरपालिका, तिरहुत गाउँपालिका र रुपनी गाउँपालिकाका ३–३ जना छन् ।
यस्तै डाक्रेश्वरी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, कञ्चनरुप नगरपालिका, महादेवा गाउँपालिका र बलान बिहुल गाउँपालिकाका २–२ तथा राजविराज नगरपालिका, सप्तकोशी नगरपालिका, शम्भुनाथ नगरपालिका, राजगढ गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका १–१ जना युवाले विदेशी भूमिमा ज्यान गुमाएको तथ्याङ्क छ ।
यस्तै यस अवधिमा वैदेशिक रोजगारीका नाममा विभिन्न व्यक्ति, एजेन्ट र म्यानपावर कम्पनीबाट ठगिने व्यक्तिको संख्या ५ सय ९४ छ । जसमध्ये आप्रवासी केन्द्रको पहलमा २ सय ४१ जनालाई न्याय दिलाउन सफल भएको र बाँकीका हकमा समेत आवश्यक पहल भइरहेको जिल्ला कार्यक्रम संयोजक यादवले जानकारी दिए । आर्थिक वर्ष २०८०–८१ मा सप्तरीबाट रोजगारीका लागि १ सय ६३ महिला र १२ हजार ३ सय ९४ पुरुष विदेशिएका थिए ।
आफ्नै मुलुकमा रोजगारीको अवसर नहुँदा प्रत्येक वर्ष नेपाली युवाजनशक्ति विदेशिने क्रम बढ्दै गएको कार्यक्रम संयोजक यादवले बताए । उनले भने, ‘स्वदेशमै रोजगारीको अवसरमा सिर्जना गर्न तथा वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना तथा सीप सिकेर मात्र जानु पर्ने माहौल सिर्जनाका लागि केन्द्रले काम गरिरहेको छ ।’
वैदेशिक रोजगारीलाई सुरक्षित र भरपर्दाे बनाउन थालिएको यस्तो कार्यक्रमले वैदेशिक रोजगारीक्रममा ठगिएका र अलपत्र परेका धेरै पीडितले राहत पाएको भन्दै उनले भविष्यमा यस्ता घटना दोहोरिन नदिन सञ्चारकर्मीले पनि आआफ्नो कलममार्फत भूमिका खेल्नु पर्नेमा जोड दिए ।

## पदाधिकारी बैठकमा कांग्रेसका अर्थमन्त्रीहरुको आलोचना

*आइतबार पार्टी सभापति शेरबहादुर देउवा निवास बुढानीलकण्ठमा बसेको पदाधिकारी बैठकमा उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा, सहमहामन्त्री उमाकान्त चौधरी तथा प्रवक्ता डा. प्रकाशशरण महतले तीन प्रदेशका अर्थमन्त्रीले ल्याएको बजेटले पार्टी र गठबन्धन नै अप्ठेरोमा पर्ने बताएका थिए ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकमा तीन प्रदेशका अर्थमन्त्रीले ल्याएको बजेटबारे गम्भीर छलफल भएको छ । मधेश प्रदेशमा सुनिल यादव, बागमती प्रदेशमा कुन्दनराज काफ्ले र लुम्बिनी प्रदेशमा धनेन्द्र कार्की अर्थमन्त्री भएर ल्याइएको बजेटपछि पार्टीमै आलोचना बढेको र गठबन्धनमै समस्या परेको भनेर छलफल भएको हो ।
प्रदेशको बजेट कब्जा र योजना बिक्रीबारे खुलेआम आरोपले मधेशका अर्थमन्त्री सुनिल यादवको चर्को आलोचना भइरहेको छ भने कांग्रेस मधेश सभापति तथा मधेश प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादव उनको बचाउमा उत्रिएका छन् । यता, बागमतीमा कांग्रेसका प्रभावशाली मानिने युवा नेता तथा पूर्वअर्थराज्यमन्त्री उदय शमशेर राणाले नै मधेश र बागमतीका अर्थमन्त्रीहरुको बजेटका कारणले कांग्रेसले मुख छोप्नु पर्ने अवस्था आएको भनेर



आलोचना गरेकै छन् ।
यस्तै, लुम्बिनीमा कांग्रेस प्रदेश सभापति अमरसिंह पुनले बजेटको विरोध गरेर विज्ञप्ति निकालेका छन् । मधेश प्रदेशमा बजेटमा देखिएको विवादका कारण सरकार नै तलमाथि हुने अवस्थामा पुगेको छ ।
कांग्रेसका अर्थमन्त्री भएको तीनै प्रदेशमा विवाद चरमोत्कर्षमा पुगेपछि सभापति शेर बहादुर देउवा निवासमा बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा अर्थमन्त्रीहरुका कारण उत्पन्न असहज परिस्थिति समाधान गर्नु पर्नेमा कांग्रेस पुगेको छ । महामन्त्री गगन थापाले प्रदेश सरकार सञ्चालनमा गम्भीर समस्या देखिएकाले कसरी अगाडि बढ्ने भन्ने विषयमा पदाधिकारी बैठकमा छलफल भएको बताए । बैठकमा उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा, सहमहामन्त्री उमाकान्त चौधरी तथा प्रवक्ता डा. प्रकाशशरण महतले तीन प्रदेशका अर्थमन्त्रीले ल्याएको बजेटपछि देखिएको विवादले पार्टीलाई नै अप्ठ्यारो पार्ने भएकाले निराकरणका लागि केन्द्रले हस्तक्षेप गर्नुपर्ने बताएका थिए । उनीहरूको प्रस्तावमा सभापति देउवा पनि सहमत भएका छन् ।

# नेपाल मगर संघ कतारमा थापाको नेतृत्व

**रामएकवाल राम**
**कतार ।**
'आर्थिक समृद्धि र राजनीतिक सशक्तीकरण सचेत मगर समुदाय निर्माण हाम्रो अभियान, मगराज सभ्यता दस्तावेजीकरण र मगराज दर्शन निर्माण' भन्ने नाराका साथ नेपाल मगर संघ शाखा कतारको १६औं अधिवेशन तथा २५औँ वार्षिक उत्सवव सप्पन्न भएको छ ।



सम्पूर्ण मगरहरुको एकता अहिलेको आवश्यकता भन्ने मुल नाराका साथ सन २००० मा स्थापना भएको शाखा कतारको सनैयास्थित फुलबारी रेस्टुरेन्टको सभाहलमा सम्पन्न १६औं अधिवेशनमार्फत समिर थापा मगरको नेतृत्वमा निर्विरोध नयाँ कार्यसमिति चयन भएको हो ।
कार्यसमितिका पदाधिकारीहरुमा प्रथम उपाध्यक्ष देवी कुमारी मगर, द्वितीय उपाध्यक्ष रविना मगर, महासचिव पाण्डप थापा मगर, उपमहासचिव दीपक एक्चाई मगर, सचिव मन प्रसाद राना मगर, संगठन सचिव दुर्गा दर्लामी मगर, कोषाध्यक्ष ओम थापा मगर, सह–कोषाध्यक्ष तुषार पुन मगर, महिला संयोजक सीता राना मगर, साँस्कृतिक संयोजक दान आले मगर, भाषा तथा लिपि संयोजक दिल रोका मगर चयन भएका छन् ।
त्यस्तै, सदस्यहरुमा चेत बलम्पाकी मगर, दिल मायाँ राना मगर, नारायण खपाङ्गी मगर, सन्दिप दर्लामी मगर, हुम बहादुर थापा मगर, मान बहादुर घर्ती मगर, राज आले मगर, सन्तोष राणा मगर, बिनिता थापा मगर रहेका छन् । संस्थाका अध्यक्ष रेशम आले मगरको सभापतित्व तथा नेपाली राजदुतावास कतारका प्रथम सचिव कृष्ण कुमार क्षेत्री( किर्शु क्षेत्री)को प्रमख आतिथ्यतामा १६आंै अधिवेशन सप्पन्न भएको हो । कार्यक्रममा समाजकी प्रथम उपाध्यक्ष देवि मगरले स्वागत मन्तव्य राखेको कार्यक्रममा एनआरएनए कतार तथा दोहामा स्थापित विभिन्न वैचारिक, समाजिक, व्यवसायिक, सामुदायिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिसहित समाजका अग्रज तथा बुद्धिजीवीहरुको उपस्थिति रहेको संघ कतारका महासचिव तथा कार्यक्रम संचालक समिर थापा मगरले जानकारी दिए ।
यस्तै, वैदेशिक रोजगारीको सिलसिलामा खाडी मुलुक कतारमा रहेका गुल्मीका दर्शन सुनार सम्मानित भएका छन् । नेपाल मगर संघ, शाखा कतार (केन्द्रिय समिति) को १६औं महाधिवेशन तथा २५औं वार्षिकोत्सब कार्यक्रम–२०२५ मार्फत सुनार सम्मानित भएका हुन् ।
नेपाली राजदुतावासका प्रथम सचिव कृष्ण कुमार सुबेदीले दोसल्ला ओढाएर संघले आयोजना गरेका हरेक गतिविधिमा सञ्चारको माध्यमबाट अतुलनीय योगदान पुर्याएको भनेर नगद ३७ हजार रुपैयाँ र सम्मानपत्रले सुनारलाई सम्मान प्रदान गरे ।

# जनकपुरधाममा नयाँ लियो क्लब गठन हुँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
युवाहरूलाई नेतृत्व, सामाजिक सेवा र सञ्जाल विस्तारमा सक्रिय बनाउन लायन्स क्लब अफ जनकपुरधाम आस्थाले नयाँ लियो क्लब गठनको घोषणा गरेको छ । क्लबले १८ देखि २९ वर्ष उमेर समूहका जोशिला र प्रतिबद्ध युवाहरूलाई क्लबको प्रारम्भिक सदस्य बन्ने अवसर प्रदान गर्ने भएको हो । क्लबका अनुसार, 'हामी यस्तो प्लेटफर्म निर्माण गर्दैछौं, जहाँ युवाहरूले सामाजिक सेवामा सक्रिय सहभागिता जनाउन, नेतृत्व विकास गर्न र समाजमा सकारात्मक परिवर्तन ल्याउन सकून् ।'
सामाजिक क्षेत्रमा योगदान गर्न इच्छुक युवाले आफ्नो व्यक्तिगत विवरण र सामाजिक सेवा सम्बन्धी योजना वा विचारहरू समेटिएको संक्षिप्त प्रस्ताव पठाई आवेदन दिन सक्नेछन् । क्लबका अनुसार आवेदन प्रक्रिया सरल र समावेशी हुनेछ । लियो क्लब विश्वव्यापी रूपमा युवाहरूलाई सेवा, नेतृत्व र व्यक्तिगत विकासतर्फ अग्रसर गराउने एक सशक्त संस्था हो । जनकपुरधाममा गठन हुन लागेको यस क्लबमार्फत युवाहरूले विभिन्न सामाजिक परियोजनामा सहभागिता जनाउन पाउनेछन् ।

# मोटरसाइकल ठोक्किएर सडकमा हुत्तिएका एक युवकको ट्रकले किचेर मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
मोटरसाइल एक आपसमा ठोक्किँदा हुत्तिएर सडकमा लडेका एक मोटरसाइकल चालकको ट्रकले किचिएर ज्यान गएको छ । पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको खडक नगरपालिका–७ विसणपुर चौक नजिकै आइतवार दिउँसो भएको उक्त दुर्घट्नामा सोही पालिकाको वडा नं.९ बस्ने ४५ वर्षीय दिपेन्द्र विश्कर्माको ज्यान गएको हो ।
जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक जीतेन्द्र कुमार बस्नेतका अनुसार दिउँसो ३ बजेतीर पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको विश्वकर्मा चढेको प्रदेश १–०५–००१ प १५ नं. को मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको स २ प १९८५ नं.को मोटरसाइकल एक आपसमा ठोक्किएको थियो । सो क्रममा मोटरसाइकल अनियन्त्रित भई सडकमा बजारिएका विश्वकर्मालाई विपरीत दिशाबाट आउँदै गरेको मधेश प्रदेश ०१–००१ ख ३६३ नं.को ट्रकले किच्दा उनको ज्यान गएको प्रहरीले जनाएको छ । ट्रक चालक हेटौडा उपमहानगरपालिका–१५ वस्ने २९ वर्षीय राम कुमार श्रेष्ठ तथा अर्का मोटरसाइकल चालक खडक नगरपालिका–७ बस्ने ३८ वर्षीय भुपेन्द्र साहलाई नियन्त्रणमा लिइ घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विशेष उत्साहका साथ 'धान दिवस' मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
असार १५, अर्थात 'धान दिवस' । तराईका विभिन्न जिल्लामा विशेष उत्साहका साथ मनाइएको छ । खेतीपातीमा आधारित जीवनशैली भएका किसानहरूका लागि यो दिन विशेष मानिन्छ । किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन् । यस दिन किसानहरू बिहानैदेखि खेतमा पुगेर धान रोप्ने परम्परालाई निरन्तरता दिइरहेका छन् । रोपाइँको क्रममा परम्परागत गीत गाउने सामूहिक र रूपमा धान रोप्ने दृश्यले गाउँघरको माहोल झनै रमाइलो बनाएको छ । यसै दिन दही–चिउरा खाने चलन पनि निकै लोकप्रिय छ । खेतमा काम गर्ने किसानहरू रोपाइँपछि थकाइ मार्न दही चिउरा खान्छन् । यो चलन अहिले गाउँमा मात्र नभई शहर बजारमा पनि प्रचलनमा आएको छ । कृषि पेशामा आवद्ध किसानहरूका लागि यो दिन केवल परम्परा मात्र नभई उत्सव र सामूहिकताको प्रतीक बनेको छ । यसरी, असार १५ तराइमा अझै पनि सामूहिक रोपाइँ, रमाइलो गीत–संगीत र स्वादिलो दही–चिउराका साथ उल्लासपूर्वक मनाइँदैछ । असारमा एकपटक हिलोमा पस्नैपर्ने मान्यता नेपालीमा समाजमा रहेको छ । यस वर्ष असार मध्यसम्म पनि देशका सबै ठाउँमा पर्याप्त मात्रामा वर्षा नभएका कारण हुनुपर्ने जति धान रोपाइँ हुनसकेको छैन । कति ठाउँमा रासायनिक मलको पनि अभाव भएको गुनासो किसानले गर्ने गरेका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भने पर्याप्त मात्रामा रासायनिक मलको मौज्दात रहेको दाबी गरेको छ । असारमा कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही चिउरा खान्छन् । हाम्रो संस्कृतिमा दहीको स्थान महत्वपूर्ण छ ।

# जगरनाथपुर गाउँपालिकाले मनायो राष्ट्रिय धान दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिकाले २२औं राष्ट्रिय धान दिवस आइतबार विशेष कार्यक्रम आयोजना गरेर मनाएको छ ।
जगरनाथपुर गाँउपालिका वडा नम्बर–४ सुहपुर सोहरीमा आइतबार गाँउपालिका कार्यालयले धान रोप्ने कार्यक्रम आयोजना गरेर राष्ट्रिय धान दिवस मनाएको हो । त्यसअवसरमा गाँउका किसानहरुसंगै गाँउपालिका अध्यक्ष श्रीकान्तप्रसाद यादव, उपाध्यक्ष बबिता सिंह क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, वडा नम्बर–४ का वडाध्यक्ष नेपाली प्रसाद कुशवाहा, गाँउपालिकाका कृषि शाखाका अधिकृत दयानन्द चौहान, वडा सदस्यहरू, कार्यपालिका सदस्यहरु ,कर्मचारीले खेतमा धान रोपाइँ गरेका थिए ।
कार्यक्रममा बोल्दै गाँउपालिका अध्यक्ष यादवले धान नेपालीको पहिचान मात्र नभई संस्कृति र समृद्धिसँग पनि जोडिएको उल्लेख गरे ।
जगरनाथपुर गाउँपालिकाले कृषिमा आधुनिक प्रविधि, तालिम तथा सहुलियतपूर्ण अनुदानमार्फत निरन्तर सहयोग गर्दै आएको र आगामी दिनमा अझ सशक्त रूपमा सहयोग गर्ने प्रतिबद्धता पनि उनले जनाए ।

# कोल्हवीमा भव्य रुपमा मनाइयो धान दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कोल्हवी नगरपालिका वडा नम्बर–४ सपहीमा आइतबार २२औं राष्ट्रिय धान दिवस भव्य रुपमा मनाइएको छ ।
सपहीस्थित एक किसानको खेतमा मधेश प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीसहितका उच्चपदस्थ व्यक्ति र किसानहरुले धान रोपेर राष्ट्रिय धान दिवस मनाएका हुन् । साना किसान कृषि सहकारी संस्था लिमिटेडको सहकार्यमा मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयको आयोजना गरेको राष्ट्रिय धान दिवस कार्यक्रममा मन्त्रालयका सचिव डा.उमेश दाहाल, कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादव, महाशाखा प्रमुख डाक्टर सरोज चौधरी, कोल्हबी नगरपालिकाका मेयर रामप्रसाद चौधरी, कृषि ज्ञानन केन्द्र पर्सा र बाराका प्रमुख, कृषि सहकारी संस्थाका पदाधिकारी र कर्मचारीका साथै स्थानीय किसानहरुको सहभागिता थियो । त्यसै अवसरमा कृषिमन्त्री क्षेत्रीले कोल्हवी–४ मा मधेश प्रदेशको कृषि मन्त्रालयको बजेटबाट नवनिर्मित किसानहरुको धान भण्डारण गर्ने गोदाम र धानको बीउ प्रशोधन गर्ने उपकरणको उद्घाटन गरे ।

# रोपाइँ र किसानका कार्यालय उद्घाटन गर्दै काँग्रेसले मनायो धान दिवस

**मधेशदृष्टि**
**सप्तरी ।**
धान दिवसका अवसरमा किसानका खेतमा रोपाइँसंगै किसानहरुको संगठन कार्यालयको उद्घाटन गर्दै नेपाली काँग्रेसले धान दिवस मनाएको छ । सप्तरीको डाक्नेश्वरी नगरपालिका–९ पथरगाडामा आइतवार नेपाली कांग्रेसको अगुवाईमा किसानका खेतमा रोपाइँ तथा क्षेत्र नं.३ मा स्थापना गरिएको नेपाल किसान महासंघको क्षेत्रिय कार्यालयको उद्घाटन गरी २२औं धान दिवस मनाइएको हो । उक्त दुबै कार्यक्रम नेपाली काँग्रेसका तर्फबाट सप्तरीको क्षेत्र नं.३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य दिनेश कुमार यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । सो अवसरमा उनले कृषि उत्पादन बढाउने सन्देश तथा किसानहरुमा हौसला प्रदान गर्न यस्तो कार्यक्रममा सहभागी भएको बताए । 'धानबाली सघनता ः खाद्य सुरक्षा र आत्मनिर्भरता' भन्ने नाराका साथ कार्यक्रम आयोजना गरिएको आयोजक नेपाल किसान महासंघ सप्तरीका अध्यक्ष रामलखन साहले बताए । धान दिवसमा आयोजित कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेशका सह–महामन्त्री विन्दु यादव, नेपाल किसान महासंघका केन्द्रिय सदस्य अम्बुज प्रसाद सिंह, क्षेत्रिय सभापति भुपेन्द्र यादव, भागवत यादव, नगर समिति सभापति नारायण यादव, नेविसंघका जिल्ला अध्यक्ष राकेश ठाकुरका साथै ठूलो संख्यामा किसान र स्थानीयवासी सहभागी भए ।

# ११ लाख ६६ हजार बराबरको अवैध सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सास्थित सशस्त्र प्रहरी बल नेपाल प्रहरी सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएका टोलीहरूले तीनवटा फरक कारबाहीमा झण्डै ११ लाख ६६ हजार रुपैयाँ बराबरको अवैध सामान बरामद गरी भन्सारमा बुझाएका छन् । वीरगंज महानगरपालिका–१६, ईनर्वा सीमावाट भारततर्फ निकासी गर्न लागिएको ५ लाख ८ हजार बराबरको तामाको माने र प्रयोगमा ल्याइएको ई–लोडर सशस्त्र प्रहरीको टोलीले नियन्त्रणमा लिएको हो । उक्त सामान वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ । त्यसैगरी सोही मितिमा सोही गुल्मबाट खटिएको अर्को टोलीले वीरगंज महानगरपालिका–१६ स्थित भन्सार क्षेत्रबाट भन्सार छली लुकाई ल्याउँदै गरिएको ४ लाख ६७ हजार बराबरको मोबाइल पार्टस र प्रयोगमा ल्याइएको मोटरसाइकल बरामद गरी वीरगंज भन्सार कार्यालयमा बुझाएको छ । यस्तै, सशस्त्र प्रहरी बल गुल्म अलौबाट खटिएको टोलीले बिन्दवासिनी गाउँपालिका–४ झौवा चोकबाट भारतबाट अबैध रुपमा ल्याउँदै गरेको १ लाख ९१ हजार ६ सय ९० बराबरको किराना सामान र मोटरसाइकल नियन्त्रणमा लिई वीरगंज भन्सारमा बुझाएको सशस्त्र प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी देबेन्द्र बहादुर सिंहले जानकारी दिए । सशस्त्र प्रहरी बलले सीमा सुरक्षासँगै भन्सार छली रोक्न नियमित निगरानी र कारबाहीलाई तीव्र बनाएको जनाएको छ ।

# 'हिन्दी संवर्धन सम्मान २०२५' सम्पन्न ४४ विद्यार्थी र शिक्षक सम्मानित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
काठमाडौंमा हिन्दी भाषा र संस्कृतिको प्रवद्र्धनका लागि सक्रिय हिन्दी मासिक पत्रिका हिमालिनीले 'हिन्दी संवर्धन सम्मान २०२५' को भव्य आयोजना गरेको छ । डी.ए.भी. सुशील केडिया विश्व भारती स्कूलको प्रतीक हलमा सम्पन्न उक्त कार्यक्रममा ४४ जना विद्यार्थीहरू र पाँच जना हिन्दी शिक्षकहरूलाई सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि भारतीय दूतावास काठमाडौंका प्रथम सचिव (पीआईसी शाखा) वशिष्ठ नन्दन थिए भने डी.ए.भी. स्कूलका अध्यक्ष अनिल केडिया विशेष अतिथिका रूपमा सहभागी थिए । कार्यक्रमको अध्यक्षता हिमालिनीका प्रबन्ध निर्देशक ई. सच्चिदानन्दले गरेका थिए । हिन्दी विषयमा १०औं र १२औं कक्षामा ९० प्रतिशतभन्दा बढी अंक ल्याउने विद्यार्थीहरूलाई हिन्दी संवर्धन सम्मानले विशेषरूपमा सम्मान गरेको थियो । डी.ए.भी., मोडर्न इन्डियन स्कूल, केन्द्रीय विद्यालय, राई स्कूल र चाँदबाग स्कूलका छात्रछात्राहरू यस सम्मानमा सहभागी थिए । साथै, विद्यालयका हिन्दी शिक्षकहरू पुरुषोत्तम पोखरेल (डी.ए.भी.), उषा शर्मा (मोडर्न इन्डियन), डा. आनन्द त्रिपाठी (केन्द्रीय विद्यालय), जटाशंकर झा (राई स्कूल) र मुकेश झा (चाँदबाग) लाई हिन्दी भाषा प्रवद्र्धनमा पुर्याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि वशिष्ठ नन्दनले भने, 'हिन्दी मात्र भाषा होइन, संस्कार र सभ्यताको संवाहक हो । यसले व्यक्तित्व विकाससँगै सशक्त अभिव्यक्तिको माध्यम दिन्छ ।' विशेष अतिथि अनिल केडियाले भने, 'हामीले हिन्दीमा शिक्षा नपाएसम्म आफ्नो सांस्कृतिक सम्पदा अपूरो रहन्छ । हिन्दीले नै हामीलाई हाम्रो मौलिकता र पहिचानसँग जोड्छ ।' कार्यक्रममा केन्द्रीय विद्यालयका प्राचार्य ए. गेराल्ड, मोडर्न इन्डियन स्कूलका शैक्षिक संयोजक विभा लाल र भारतीय दूतावासका धनेश द्विवेदी समेतको उपस्थिति थियो । सञ्चालन पक्षबाट हिमालिनीका सम्पादक श्वेता दीप्ति, अनलाइन सम्पादक कञ्चना झा, अंशू झा, लीलानाथ गौतम, शोभा नन्द झा, राज नारायण यादव, सौम्या झा र एलिशा झा लगायतको सहभागिता रहेको थियो ।

# परवानीपुरमा भव्य धान दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**
अखिल नेपाल किसान महासङ्घ बाराको आयोजना र परवानीपुर गाउँपालिकाको सहयोगमा असार १५ अर्थात् राष्ट्रिय धान दिवस भव्य रूपमा मनाइएको छ । कार्यक्रममा परवानीपुर गाउँपालिकाका अध्यक्ष राम क्षत्री पटेल, उपाध्यक्ष सुगान्धी देवीलगायत जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो । उनीहरूले किसानहरूसँग खेतमा पुगेर धान रोपेर दिवसको महत्त्व प्रस्ट पारेका थिए । धान दिवसका दिन खेतमा गुन्जिने असारे भाकाले रमाइलो वातावरण सिर्जना गरेको थियो भने कार्यक्रमले खेतीपातीको महत्त्व र किसानप्रतिको सम्मान प्रकट गरेको आयोजकले जनाएका छन् ।
कृषिप्रधान देश नेपालमा असार १५ लाई खेतीपातीमा विशेष महत्वसहित मनाउने गरिन्छ । किसानहरू खेतमा धान रोप्दै, असारे भाका गाउँदै, हिलोमा खेल्दै तथा दही–चिउरा खाँदै राष्ट्रिय धान दिवस मनाउँछन् । विक्रम संवत् २०६२ सालदेखि औपचारिक रूपमा मनाउन थालिएको यस दिवसमा केवल किसान मात्र नभई अन्य व्यवसायमा संलग्न नागरिकले पनि दही–चिउरा खाएर सहभागिता जनाउने गर्छन् । यद्यपि, यस वर्ष असारको मध्यसम्म पर्याप्त वर्षा नभएको र कतिपय ठाउँमा मल अभाव भएको गुनासो किसानहरूले गरेका छन् । तर, कृषि मन्त्रालयले भने मलको पर्याप्त मौज्दात रहेको जनाएको छ ।

# पटेर्वा सुगौलीमा २२औं राष्ट्रिय धान दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाँउपालिकाले आइतबार २२औं राष्ट्रिय धान दिवस खेतमा धान रोपाइँ कार्यक्रम गरेर मनाएको छ । आइतबार पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर–५ मनिहर्वास्थित एक किसानको खेतमा गाँउपालिकाका अध्यक्ष दिनेश चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गाँउपालिकाकी उपाध्यक्ष ममता महत्तो थारु, महिला समुहकी अध्यक्ष कृष्णावती देवी, गाँउपालिकाका कार्यपालिका सदस्य, वडा सदस्य, कर्मचारी, स्थानीय महिला, किसान लगायतले धान रोपेका थिए । त्यसअवसरमा गाँउपालिका अध्यक्ष महत्तोले धान मुलुकको मुख्य बाली भएकाले यसको खेतीमा यान्त्रिकरण भित्र्याएर उत्पादन बढाउनुपर्नेमा जोड दिए । किसान अन्न दाता भएकाले पालिकाले उनीहरुको समृद्धि र आर्थिक अवस्था उकास्नका लागि लागि परेको उनले बताए ।

# होटल व्यवसायीलाई लक्षित गर्दै विशेष तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका आठ जिल्लाका टुर एण्ड ट्राभल तथा होटल पर्यटन व्यवसायीलाई लक्षित गर्दै वीरगंजमा एक विशेष तालिम शुरु भएको छ । तालिममा सहभागी पर्यटन व्यवसायीहरूलाई आफ्ना जिल्लामा रहेका ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको समुचित प्रयोग, व्यवस्थापन र प्रवद्र्धनका उपायबारे जानकारी दिइएको थियो । तालिमको आयोजन पर्यटन बोर्ड, नाटा र स्थानीय सरोकारवालाको सहकार्यमा गरिएको थियो । सहभागीहरूले मधेश प्रदेशमा धार्मिक पर्यटन, ग्रामीण पर्यटन र सांस्कृतिक पर्यटनको अपार सम्भावना रहेको बताउँदै यस्ता कार्यक्रमले व्यवसायको विकाससँगै समग्र प्रदेशको आर्थिक उन्नतिमा योगदान पुर्याउने धारणा व्यक्त गरेका छन् । तालिमले स्थानीय पर्यटन व्यवसायीहरूलाई आवश्यक ज्ञान, सीप र सञ्जाल विस्तार गर्ने अवसर दिएको आयोजकले जनाएको छ । तिन दिने तालिमको मुल अभिप्राय सप्तरीदेखि पर्सासम्मका ऐतिहासिक, धार्मिक तथा रमणीय स्थलको पहिचान गरी पर्यटकलाई आकर्षित गर्न आकर्षक प्याकेज बनाउनु रहेको अग्रज पर्यटन व्यवसायी मोहन प्रधानले जानकारी दिए । ज्येष्ठ व्यवसायी पशुपति विक्रम साहले उद्घाटन गरेको तालिममा नाटाका वरिष्ठ उपाध्यक्ष जिस्वन तुलाधर श्रेष्ठ, मोहन शर्मा लामिछाने लगायतकाको उपस्थिति रहेको थियो ।

## लागुऔषध नियन्त्रणमा कडाइः

# एक वर्षमै १५१ कारोबारी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
लामो समयदेखि लागुऔषध तस्करीको प्रमुख केन्द्रका रूपमा चिनिँदै आएको पर्सा जिल्लामा प्रहरीले सञ्चालन गरेको 'एक्सन मोड' अभियान प्रभावकारी देखिएको छ । एसपी गौतम मिश्रको नेतृत्वमा शुरु भएको व्यापक कारबाही अभियानले एक वर्षको अवधिमा १५१ जना लागुऔषध कारोबारीलाई पक्राउ गर्दै गिरोहको संरचना तोड्न सफल भएको पर्सा प्रहरीले जनाएको छ । प्रहरी तथ्याङ्क अनुसार २०८१ साउनदेखि २०८२ असार १२ गतेसम्मको अवधिमा प्रहरीले १५ क्विन्टल ६१ किलोग्राम गाँजा, ६ क्विन्टल २५ किलोग्राम चरेस, ३८४ ग्राम हेरोइन, १ क्विन्टल ४९ किलोग्राम अफिमसहित विशाल परिमाणको लागुऔषध बरामद गरेको छ । त्यसैगरी नशालु इन्जेक्सन (फेनारगन, डाइजेपाम, नुरफिन) ९ हजार एम्पुल,



नाइट्राभेट ट्याब्लेट ३ हजार ७०८ पिस, कोरेक्स सिरप १८६ फाइल, र ट्रामाडोल क्याप्सुल २ लाख ८९ हजार पिस नियन्त्रणमा लिइएको छ । पक्राउ परेका १५१ जनामध्ये ११४ जनालाई मुद्दा चलाएर कारबाहीको दायरामा ल्याइएको छ भने बाँकीलाई तारेखमा छोडिएको प्रहरीले जनाएको छ । भारतसँगको सीमावर्ती क्षेत्र, विशेषगरी रक्सौल नाका हुँदै लागुऔषध भित्र्याउने र देशका विभिन्न भागमा पठाउने केन्द्रको रूपमा चिनिँदै आएको पर्सामा अहिले प्रहरीको सक्रियताले गिरोह तहस–नहस बनाएको एसपी मिश्रको दाबी छ । 'शून्य सहनशीलताका साथ एक्सन लिएका छौँ, अब तस्करहरूलाई यहाँ गुँड बनाउन सकिन्न,' एसपी मिश्रले भने, 'तर, प्रहरी मात्रले सम्भव हुँदैन, नागरिक समाज, परिवार र अभिभावकले पनि भूमिका खेल्नुपर्छ ।' उनका अनुसार, अघिल्ला वर्षहरूमा तुलनात्मक रूपमा प्रयोगकर्ताको संख्या र कारोबारीको सक्रियता दुवै घटेका छन् । साथै, भारतबाट तस्करी गरी भित्र्याइएको ३२ करोड रुपैयाँभन्दा बढीको राजस्व छलीको सामानसमेत प्रहरीले बरामद गरी भन्सार कार्यालय पथलैया बुझाएको छ ।

# मधेश प्रदेशमा ८६ लाख बिरुवा रोप्ने लक्ष्य

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे क्षेत्रको तीव्र विनाश र वन क्षेत्रको अभावलाई मध्यनजर गर्दै मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा वृक्षारोपणलाई विशेष अभियानका रूपमा अघि बढाएको छ । अभियान अन्तर्गत कुल ८६ लाख बिरुवा उत्पादन गरिँदै संरक्षणसहित विभिन्न स्थानमा रोप्ने कार्य थालिएको हो । डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहका अनुसार जनकपुर–ढल्केवर सडक खण्डको दुवै पेटीमा ४ हजार ४ सय बिरुवा रोप्ने कार्य शुरु भइसकेको छ । जनकपुरधाम प्रवेश गर्ने राष्ट्रिय तथा व्यापारिक मार्गमा हरियाली विस्तार गर्ने उद्देश्यसहित यो काम थालिएको हो । वन तथा वातावरण मन्त्रालयका सचिव उद्धव बहादुर घिमिरेले यो अभियान अन्तर्गत मधेशका सडक पेटीमा मात्र ४ लाख बिरुवा रोप्ने लक्ष्य रहेको जानकारी दिए । 'चालु आर्थिक वर्षमा ५० किलोमिटर सडक पेटी र २७८ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिनेछ,' सचिव घिमिरेले भने । ८६ लाखमध्ये ६२ लाख बिरुवा प्रदेश सरकारको बजेटबाट र बाँकी संघीय सरकारको सशर्त अनुदानमार्फत उत्पादन गरिएको छ । यी बिरुवा सर्वसाधारणलाई निःशुल्क वितरण गरिनेछ । मन्त्रालयका अनुसार उत्पादन भएका बिरुवामध्ये करिब ८ प्रतिशत बिरुवा सरकारी वन क्षेत्र तथा डिभिजन वन कार्यालयको मातहत रहने क्षेत्रहरूमा रोपिनेछ भने बाँकी ८० देखि ९० प्रतिशत बिरुवा निजी जग्गामा रोपिनेछ । यसमार्फत हरियाली विस्तारसँगै वातावरणीय सन्तुलन कायम गर्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको जनाइएको छ । यस अभियानले वन संरक्षण, भूमि कटान रोकथाम तथा पर्यावरण सुधारमा सकारात्मक योगदान पुग्ने प्रदेश सरकारको विश्वास छ । प्रदेश सरकारले सर्वसाधारणलाई वृक्षारोपणमा सक्रिय सहभागिता जनाउन आग्रहसमेत गरेको छ ।

# 'उपमेयर महतोले डेढ तोला सुनको उधारो तिरेनन्'

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लहान नगरपालिकाका उपमेयर रामचलितर महतोमाथि उधारोमा सुन लिएर भुक्तानी नगरेको आरोप लागेको छ । लहानस्थित विकास ट्रेडर्सले आइतबार उपमेयरविरुद्ध उजुरी दिँदै नगरपालिकामा लिखित निवेदन पेश गरेको हो । उजुरीमा उल्लेख अनुसार उपमेयर महतोले २०८१ साल साउन ३० गते डेढ तोला सुन किनेर २ लाख ५१ हजार ४ सय ३० रुपैयाँ



भुक्तानी गर्न बाँकी राखेका थिए । व्यापारिक सहमतिअनुसार चार–पाँच दिनभित्र पैसा तिर्ने भनिए पनि अहिलेसम्म रकम नतिरेको उजुरीदाताको भनाइ छ ।

विकास ट्रेडर्सका सञ्चालक राजाराम सारदाले उपमेयरलाई पटक–पटक ताकेता गर्दा पनि उधारो रकम तिर्ने कुनै इच्छा नदेखिएको बताए । 'उहाँ सार्वजनिक पदमा हुनुहुन्छ, त्यसैले धेरै पटक सहजै माग गर्यौं,' सारदाले भने, 'तर अब उहाँको नियत नै स्पष्ट भएकाले हामी बाध्य भएर उजुरी दिनुपर्यो ।' लहान नगरपालिकाका मेयर महेशप्रसाद चौधरीले उपमेयरविरुद्ध उजुरी परेको पुष्टि गर्दै उक्त विषय बोर्ड बैठकमा पेस गर्ने निर्देशन प्रमुख प्रशासकीय अधिकृतलाई दिइसकेको जानकारी दिए । 'उजुरी आएको सत्य हो, हामी औपचारिक प्रक्रियाअनुसार अघि बढ्छौं,' उनले भने । यता, उपमेयर महतोले भने उजुरीबारे आफूलाई जानकारी नभएको प्रतिक्रिया दिए । 'हामीबीच केही आन्तरिक कुरा थिए होलान्, तर म उजुरी परेको विषयमा अहिले केही जान्दिन,' उनले संक्षिप्त प्रतिक्रिया दिए ।

# निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी परिवार महिला संघको २४औँ वार्षिकोत्सवको अवसरमा मधेश प्रदेशको सिरहा जिल्लामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी परिवार महिला संघ, मधेश प्रदेशको पहल र सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीको समन्वयमा सिरहाको बरियारपट्टीमा यो शिविर आयोजना गरिएको थियो । शिविरले मुख्यगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई लक्षित गरेको थियो ।

यसमा सशस्त्र प्रहरी बल, नेपाल ए.पी.एफ. अस्पताल काठमाडौँ, छिन्नमस्ता फिल्ड अस्पताल बर्दिवास महोत्तरी, प्रादेशिक अस्पताल लहान र प्रादेशिक अस्पताल सिरहाका विशेषज्ञ चिकित्सकहरूले सेवा प्रदान गरेका थिए ।

सेवाहरूमा नाक, कान, घाँटी, सामान्य चिकित्सा, प्रसूति तथा स्त्री रोग, आँखा परीक्षण तथा उपचार, हाडजोर्नी तथा नशा रोग र दाँतको चेकजाँच लगायतका स्वास्थ्य परीक्षण, परामर्श र निःशुल्क औषधी वितरण समावेश थियो । कुल ५२२ जना स्थानीय बासिन्दाले यस शिविरबाट स्वास्थ्य सेवा लिएको आयोजकले जानकारी दिएको छ ।

# सचिव घिमिरे भ्रष्टाचारका संरक्षक हुन्ः यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले मधेश प्रदेश सरकारअन्तर्गतको वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेविरुद्ध गम्भीर आरोप लगाएका छन् । सचिव घिमिरेको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै यादवले अबको अभियान नै उनीविरुद्ध केन्द्रित हुने घोषणा गरेका छन् । संयोजक यादवले भने, 'दुई वर्षमा वन मन्त्रालयले के गर्यो ? कति वन मासियो ? चुरे दोहन कति भयो ? कर्मचारीहरू कति शोषित भए ? वितरण गरिएका विरुवा अहिले कहाँ छन् ? संशोधित योजनाबाट कसरी लुट मच्चियो ? यी सबै प्रश्नको जवाफ सचिव घिमिरेले दिनैपर्छ ।' उनले जनताको सम्पत्ति हुने काठ, नदी र बालुवा सस्तो मूल्यमा ठेक्का दिएर जनतालाई धोका दिएको आरोपसमेत लगाएका छन् । 'पीसी उठाउने, भ्रष्ट कर्मचारीलाई जोगाउने र योजनाको नाममा लुट मच्चाउने काम सचिवकै संरक्षणमा भइरहेको छ,' यादवले भने । रौतहट जिल्लामा चुरे क्षेत्रको दोहन, काठ चोरी र वन अतिक्रमणसम्बन्धी प्रदेश सरकारले गठन गरेको छानबिन समितिले प्रतिवेदन बुझाइसकेको भए पनि सचिव घिमिरेले अहिलेसम्म सार्वजनिक नगरेको भन्दै यादवले आपत्ति जनाए । 'प्रतिवेदन लुकाएर सचिव घिमिरेले आफू असफल भएको तथ्य ढाकछोप गरेका छन्,' यादवको आरोप छ । संयोजक यादवले सचिव घिमिरेलाई 'भ्रष्टाचारका संरक्षक' को संज्ञा दिँदै प्रदेश सरकारसँग तत्काल छानबिनको माग गरेका छन् । उनले चेतावनी दिँदै भने, 'यदि सरकार चुप बस्छ भने हामी चुप लाग्दैनौं । अबको आन्दोलन सचिव उद्धव घिमिरेविरुद्ध हुनेछ । चुरे र वनजंगलको रक्षाका लागि हाम्रो लडाइँ निर्णायक बन्छ ।' सचिव घिमिरेले भने यस विषयमा कुनै प्रतिक्रिया दिएका छैनन् ।

# मधेश प्रदेशमा व्यवसायिक पशुपन्छीपालन कार्यक्रम सञ्चालन

**महोत्तरी ।**
मधेश प्रदेशका आठवटै जिल्लामा मासुका लागि व्यवसायिक पशुपन्छीपालन कार्यक्रम सञ्चालनमा आएको छ । यसबाट किसान उत्साहित भएका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर कार्यालय बर्दिबासले मासुजन्य प्रयोजनका पशुपन्छीपालन कार्यक्रम सञ्चालनमा ल्याएको हो । प्रदेशका पूर्वपश्चिम राजमार्ग र हुलाकी मार्गले छोएका ८४ स्थानीय तहमा आयोजना कार्यालयले समूहगत माग र प्रतिबद्धताका आधारमा बाख्रा, राँगा र बङ्गुरसहितका पशु र कुखुरा तथा हाँसजस्ता मासु प्रयोजनका पन्छीपालनमा किसानलाई समूहगत रूपमा अनुदान दिने गरेको छ । आयोजना कार्यालयले समूहगत रूपमा प्रस्ताव गरिएका योजनामा तिनको बजारको सुनिश्चितताको अध्ययन गरी अनुदान दिने गरेको छ । प्रदेशभरिमा अहिले अनुदानको प्रक्रियामा रहेका एक सय १० समूहमध्ये २० मासु प्रयोजनका पशुपन्छीपालनमा रहेका आयोजना कार्यालयका प्रमुख राजेश साहले बताए । यी समूहमा अनुदान दिइएको कार्यालयले जनाएको छ । 'हामीले खेतीपाती, दूध र मासु उत्पादनमा किसान समूहलाई अनुदान दिने गरेका छौँ, अनुदान कुल लागतको ४५ देखि ५० प्रतिशतसम्म दिने व्यवस्था छ', उनले भने, 'आर्थिक उपार्जनको काममा योजनाबद्ध भई लाग्ने किसानका लागि यो निकै ठूलो भरथेग हो ।' प्रदेशमा अहिले अनुदान पाएका र पाउने चरणमा रहेका एक सय १० किसान समूह रहेका कार्यालयले जनाएको छ । आयोजनाले समेटेका स्थानीय तहहरू सप्तरीमा १६, सिरहामा १२, धनुषा ८, महोत्तरीमा १०, सर्लाहीमा ११, रौतहटमा ९, बारामा ११ र पर्सामा ९ छन् । यीमध्ये मासु उत्पादनका लागि पशुपन्छीपालन गर्ने २० समूहमध्ये १३ वटाले बाख्रापालन गरेका छन् । यसैगरी बङ्गुर पाल्ने दुई समूह छन् । अन्य पाँचले राँगा, हाँस र कुखुरापालन थालेका कार्यालय प्रमुख साहले बताए । किसानका यस्ता समूहमा एउटामा १५ देखि ५० जनासम्म आबद्ध हुनसक्ने व्यवस्था छ । अहिले यी किसान समूहमा पाँच हजार किसान जोडिएका छन् । कार्यालयले तरकारीखेती, दूध उत्पादन र मासुका लागि पशुपन्छीपालनमा किसानलाई सामूहिक रूपमा उपलब्ध गराउने अनुदान व्यक्तिव्यक्तिमा भने सम्बन्धित समूहबाट जाने गरेको कार्यालयले स्पष्ट पारेको छ । आयोजनाले नयाँ प्रविधियुक्त योजना, तिनको उत्पादन र बजारको सुनिश्चितता देखिएपछि अनुदान दिने गरेको छ । उत्पादनमूलक साझेदारीको मर्मअनुरुप सञ्चालन हुने व्यवसायलाई प्रवर्द्धन गर्न दिइने अनुदानलाई आयोजनाले 'स्टार्टअप' भन्ने गरेको छ । मासुका लागि पशुपन्छीपालन गर्ने समूहहरूले उन्नत जातका बाख्रा, बङ्गुर र राँगासहित २० हजार पुर्याउने लक्ष्य लिएका छन् । पछिल्लो समयमा बोयर जातका बाख्राबाट उत्पादन हुने पाठापाठीले सिङ्गो मधेश 'बोयर बाख्राको ठाउँ' भनी पहिचान गराउने गरी काम अघि बढेको महोत्तरीको सम्सी–६ का मोहम्मद समसुल बताउँछन् । यो कामले अब मधेश मासुमा आत्मनिर्भर बन्नेगरी अघि बढेको कार्यालयको मूल्याङ्कन छ । पछिल्ला दिनमा मासुका लागि पशुपन्छीपालनको योजना पूर्ण सञ्चालनमा आउँदा १० हजार किलोग्रामभन्दा बढी दैनिक मासु उत्पादनको सुनिश्चितता हुने कार्यालयका सूचना अधिकारी सन्तोष प्रकाशको भनाइ छ । कार्यालयले मासुमा आत्मनिर्भर हुनसँगै मधेश दूधमा पनि आत्मनिर्भर बन्ने बाटोमा अघि बढेको छ । यहाँ दूध उत्पादन प्रयोजनका लागि ५० वटा समूहले दुधालु मुर्रा भैँसीपालन थालेका छन् । मधेशमा दिनहुँ २० हजार लिटर दूध यी समूहमै उत्पादन हुन्छ । मासु र दूधमा आत्मनिर्भर हुने बाटोले यहाँका किसानको आर्थिक अवस्थामा राम्रो सुधार आउने कार्यालयको निष्कर्ष छ । आयोजनाले कृषि र पशुपन्छी पालनलक्षित व्यवसायलाई सहयोग पुर्याउन प्रदेशका ३५ ठाउँमा आधुनिक सुविधासहितको एकीकृत कृषि सेवा केन्द्र भवन बनाउँदै छ । यीमध्ये १० निर्माण भइसकेका र अन्य अन्तिम चरणमा रहेका कार्यालयले जनाएको छ । ९१ करोडको लागतमा बनेका र बन्दै गरेका यी भवनबाट समूहमा आबद्ध किसानले माटो परीक्षण, पशु उपचारसम्बन्धी कैयन सेवा दिने व्यवस्था गरेको छ ।

'एकीकृत सेवा केन्द्रबाट माटो परीक्षण, प्राङ्गारिक खेतीका लागि प्रयोगशाला, पशुवस्तुको गोबर जाँच, उपचार र पशुपन्छीपालनका किसानलाई प्राविधिक सल्लाहको सेवा प्रदान गरिने छ', आयोजनाका पशु चिकित्सक डा. विनोद यादवले भने । यो सेवाले किसानलाई आफ्नो काम व्यवसायीककरण गर्न सघाउ पुग्ने कार्यालयको विश्वास छ । मधेशको समृद्धि कृषि तथा पशुपन्छीपालनको व्यवसायीकरणबाटै सम्भव हुने आयोजनाको ठम्याइ छ । करिब ८० प्रतिशतको हाराहारीको जनसङ्ख्या कृषिमा निर्भर रहँदा यिनलाई आर्थिक रूपमा उठाउन अनुदान व्यवस्था अघि बढाएको आयोजना प्रमुख साह बताउँटछन् । रासस

# अन्तरप्रदेश राष्ट्रिय भारोत्तोलन प्रतियोगिता शुरु




**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तरप्रदेश राष्ट्रिय भारोत्तोलन प्रतियोगिता २०८२ आइतबारदेखि वीरगंजमा शुरु भएको छ । मधेश प्रदेश खेलकूद परिषद्को आयोजनामा शुरु भएको प्रतियोगिता तीन दिनसम्म सञ्चालन हुनेछ । उद्घाटन समारोहको अध्यक्षता परिषद् सदस्य लभ अधिकारीले गरेका थिए भने मधेश प्रदेश खेलकूद परिषद्का सदस्य सचिव शिवजी प्रसाद गुप्ता प्रमुख अतिथिको रूपमा उपस्थित थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गुप्ताले प्रदेशस्तरीय यस्ता प्रतियोगिताले भारोत्तोलन खेलको विकासमा मात्र नभई नयाँ खेल प्रतिभा पहिचान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । 'खेलकूदले राष्ट्रिय एकता, अनुशासन र स्वास्थ्यप्रति सचेतना फैलाउँछ,' गुप्ताले भने । प्रतियोगितामा विभिन्न प्रदेशका खेलाडीहरूले सहभागिता जनाएका छन् भने खेलको समग्र व्यवस्थापन तथा सञ्चालन मधेश प्रदेश खेलकूद परिषद्ले गरिरहेको छ । आयोजकका अनुसार प्रतियोगिताले स्थानीयस्तरमा खेलकूद संस्कृतिको प्रवर्द्धन गर्न र युवाहरूलाई खेलतर्फ आकर्षित गर्न सघाउ पुर्याउने लक्ष्य लिएको छ । तीन दिनसम्म चल्ने प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फका प्रतिस्पर्धीहरूले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् ।

# चन्द्रपुरमा लागुऔषध विरुद्ध प्रहरीको कडाइ, १० कारोबारी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व–पश्चिम राजमार्गसँग जोडिएको रौतहटको चन्द्रपुर क्षेत्रमा लागुऔषध कारोबार र दुव्र्यसन नियन्त्रणका लागि प्रहरीले सञ्चालन गरेको विशेष अभियान प्रभावकारी देखिएको छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख डिएसपी राजकुमार राईको नेतृत्वमा सञ्चालन गरिएको अभियान अन्तर्गत यस आर्थिक वर्षमा मात्रै १० जनालाई लागूऔषधसहित पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको छ । पक्राउ परेकाहरूको साथबाट ५१ किलो ६१० ग्राम गाँजा, २.५ ग्राम खैरो हेरोइन, साथै नशालु इन्जेक्सन (डाइजेपाम, फेनारगन, बुप्रेनोर्फिन) ४८–४८ एमपुल र ट्रामाडोल क्याप्सुल ४ हजार ४७० पिस बरामद गरिएको प्रहरीले जानकारी दिएको छ । प्रहरीको तथ्याङ्कअनुसार चन्द्रपुर क्षेत्रमा पछिल्लो समय लागुऔषध दुव्र्यसन गर्नेहरूको संख्या बढ्दै गएको छ । त्यसको सामना गर्न प्रहरीले दण्डात्मक कदमसँगै सामाजिक जागरणमा पनि ध्यान दिइरहेको डिएसपी राईले बताए । उनका अनुसार यस आर्थिक वर्षमा




विद्यालय र सार्वजनिक स्थलहरूमा गरी २० वटा लागुऔषधविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । 'विद्यार्थीलाई नशाले स्वास्थ्यमा पार्ने असर, कानुनी जोखिम र जीवनको अवमूल्यनबारे बुझाउँदै आएका छौं,' राईले भने । औषधी व्यवसायीहरूसँग पनि पटक–पटक छलफल गरी नशालु औषधीको दुरुपयोग नियन्त्रण प्रयास भइरहेको र पक्राउ परेकाहरूका अभिभावकलाई बोलाई सम्झाइ–बुझाइ जिम्मा दिइएको उनले जानकारी दिए । डिएसपी राईले लागूऔषधविरुद्धको लडाइँमा प्रहरी एक्लैले मात्र सफलता नपाउने उल्लेख गर्दै समुदायको सहयोग अपरिहार्य रहेको बताए । 'कसैले लागुऔषध प्रयोग वा कारोबार गरेको थाहा पाएमा प्रहरीलाई खबर दिनुहोस्, जानकारी दिने व्यक्तिको परिचय गोप्य राखिन्छ,' उनले अपिल गरे ।

## सम्पादकीय

# धान दिवस र कनिका किनेर खाने अवस्था

*नेताहरुको सकिनसकी धान दिवसका मोडलिङ तस्बिरले नेपाली जनता आक्रान्त छन् । धान दिवसका नाममा देशमा भइरहेको किसानको हुर्मत लिने काम अहिले त कम्युनिष्ट पार्टी, केन्द्र सरकार हुँदै वडा सरकारसम्म आइपुगेको छ । यसरी सामाजिक सञ्जालमा फोटो हाल्ने धान दिवसले लोकप्रियता पाइरहँदा देशमा भने धान, चामल र धानको बीउ अभाव हुँदै गइरहेको छ । हामी परनिर्भर भइरहेका छन् । भोलि छिमेकी देशहरुले केही दिन धानचामल निर्यात गरिदिएनन् भने फेसबुकमा रुने–कराउनेबाहेक हाम्रो अवस्था कतै सुधार छैन । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयकाअनुसार देशलाई ७९ लाख मेट्रिक टन धान चाहिन्छ । तर देशमा उत्पादन हुने धान झण्डै १० लाख मेट्रिक टन कम छ । जेठ मसान्तसम्ममा धान, धानको बीउ, चामल र कनिकामा मात्रै ७ लाख ५३ हजार मेट्रिक टन धानजन्य वस्तु आयात गरेर हामीले भुँडी भरेका हौँ । ३८ अर्ब ९४ करोड रुपैयाँ यसबापत हामीले अरु देशलाई तिर्नु परेको छ ।*

*नेपालमै कम उत्पादन हुने मसिना तथा बासनादार चामलमा हाम्रो मन गइरहेको छ । तर उत्पादन हुँदैन । इतिहास यस्तो पनि थियो, नेपालले धान र चामल निर्यात गर्‍थ्यो । ३२ वर्षअघिकै कुरा गरौँ न, २०५० सालसम्म धान तथा चामल निर्यात गर्ने देशमा नेपालको नाम थियो । वरपरकालाई होइन, नेपालले दक्षिण कोरियालाई समेत नेपाली धानचामलको स्वाद चखाउँथ्यो । आर्थिक वर्ष २०८२–८३ को बजेटमा नेपाल सरकारले आगामी २ वर्षमा धानमा आत्मनिर्भर देश बनाउने भनेर लेखेको छ । तर किसानले समयमा मलखाद, गुणस्तरीय बीउ र अनुसन्धानबाट प्राप्त नवीनतम प्रविधि तथा उन्नत धानको बीउ पाउँदैनन् । यो वर्ष देशमा ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन धान उत्पादन हुने अनुमान छ । यो उत्पादन अघिल्लो वर्षको तुलनामा ४ दशमलव ४ प्रतिशत बढी हो ।*

*नेपालमा १४ लाख २० हजार ६ सय ३६ हेक्टरमा वर्षे र चैते धान खेती हुने गरेको छ । यो तथ्यांक चैँ फेरि अघिल्लो वर्षको तुलनामा १.२८ प्रतिशत कम हो । पोहोर भन्दा कम धान रोपेर यसपालि बढी धान फल्ने हाम्रो असारे अनुमान हो । कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा धान उत्पादन बढेको पनि छ । यसरी हामी भव्यसँग धान दिवस मनाउँछौँ तर देश अरुले पठाएको धान र चामल अनि कनिकामा आत्मनिर्भर पारिरहेका छौँ । खेत बेचेर प्लटिङ गरेका छौँ । धान किनेर खाने भएका छौँ । फेसबुकमा धान दिवसका तस्बिर हालेर रमाइरहँदा भोकै पर्ने तथ्यांक पनि देखिँदै आएको छ ।*

# यहुदीको संघर्ष गाथा

*नेपालमा पनि केही यस्ता वामपन्थी र धार्मिक कट्टरपन्थी छन्, जो विनाकारण इजरायलको विरोध गरिरहेका छन् । इजरायलमा अध्ययन गर्न र कामको खोजीमा जाने नेपाली एक हजार भन्दा बढी नै होलान् । हमासका लडाकुले नेपाली नागरिकलाई कब्जा गरी आफ्नो जिम्मा लिए । अनेकौँ क्रुर र अमानवीय यातनाबाट पीडित नेपालीका पक्षमा केही नबोल्ने हमासप्रति चिन्ता व्यक्ति गरिरहेका छन् । आखिर केही नेपालीमा हमास प्रेम किन देखिएको छ ? हमास त प्यालेस्टिनको सरकार होइन नि ? त्यो त सरकारविरोधी संगठन हो । भोलि हिजबुल्लाह र आइएसआइको समर्थनमा पनि केही नेपालीको विज्ञप्ति आए आश्चर्य मान्नुपर्ने कारण हुने छैन । हाम्रो संवेदनशीलता इजरायलप्रति पनि हुनुपर्छ ।*



**श्रीमन नारायण**

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतनयाहुको भाषणका केही मार्मिक अंशलाई अहिले विभिन्न सञ्चारमाध्यमले प्रकाशित गरिरहेको छ, यसलाई स्वाभाविक रुपमा नै लिनुपर्दछ । एक करोड भन्दा पनि कम जनसंख्या तर गुणात्मकरुपमा विश्वकै सर्वाधिक शिक्षित र कुसाग्र दिमाग भएकाहरुको जमातका रुपमा यहुदीलाई लिन सकिन्छ । भौतिक, रसायन, चिकित्सा र मानव संशाधनका विभिन्न क्षेत्रमा यहुदीले मानव जातिको कल्याणका लागि गरेका अनुसन्धान र दिएका परिणाम स्तुत्य छन् । विज्ञानका प्रायः सबैजसो विधामा सबैभन्दा बढी नोबेल पुरस्कार विजेता पनि यहुदी समुदायबाट नै छन् । विश्वकै शक्तिशाली राष्ट्र अमेरिकाको निम्ति अपरिहार्य बनेको इजरायल आफ्नो अथक प्रयत्न, ठूलो उत्साह, विषम परिस्थितिमा पनि आफनो धर्म नगुमाउने र शिक्षालाई सर्वोपरी ठान्ने यहुदी समुदायसित कसैको पनि तुलना हुन सक्दैन । हाम्रा दुवै ठूला छिमेकी राष्ट्र भारत र चीन भन्दा पनि अघि इजरायललाई स्वतन्त्र राष्ट्रको मान्यता दिने नेपालको परराष्ट्र नीति वर्तमान अवस्थामा प्रष्ट नदेखिनु दुर्भाग्यपूर्ण हो ।

स्वर्गीय बिपी कोइरालाको परराष्ट्र नीतिलाई नेपाली कांग्रेसले पनि सम्झेको भए अहिलेसम्म नेपाल पनि इजरायलको पक्षमा खुलेर उभिसकेको हुने थियो । इजरायलले विगत लामो समयदेखि नेपाललाई सहयोग गर्दै आएको छ । इजरायलको सहयोग र मित्रतालाई बिर्सिदिनु उचित हुने छैन । इरान र प्यालेस्टिनको समर्थनमा काठमाडौँमा प्रदर्शन हुनु तर नेपाल सरकार मूकर्दशक बनिरहनु दुर्भाग्यपूर्ण हो । वामपन्थीहरु र इस्लामिक समूहहरुले बडो धुत्र्याइँपूर्वक इजरायललाई तानाशाह, क्रूर र पीडक देशका रुपमा परिभाषित गर्ने अभियान चलाएका छन्, जबकि यथार्थमा इजरायलले शुरुमा कहिल्यै आक्रमण गरेकै छैन । इजरायलको पीडा र व्यथालाई नबुझ्नु अन्याय हुनेछ । हमासले एकैपटक जमिन, आकाश र जलबाट इजरायलमाथि आक्रमण गरी १ हजार २ सय भन्दा बढी इजरायलीलाई बन्धक बनाई अनेकौँको हत्या गरे, जसमा १० जना त नेपाली छात्र नै थिए ।

जर्मनीको नाजीवादी सत्ता र त्यसका शासक एडल्फ हिटलरले यहुदीको आम नरसंहार गर्दा यहुदीहरु राष्ट्रविहीन अवस्थामा थिए । संयुक्त राष्ट्रसंघको पहलमा इजरायलमा (पैचिक थल्लो) यहुदीलाई बसाल्ने काम भयो । ७५ वर्षअघि यहुदीहरुसित न त सेना थिए, न त आफ्नो देश नै । तर सातवटा इस्लामिक राष्ट्रले शुरुमै आक्रमण ग¥यो । करिब ६५ हजारको संख्यामा रहेका यहुदीको सुरक्षामा कुनै पनि देश आएन । लेबनान, सिरिया, इराक, जोर्डन, मिश्र, लिबिया, सउदी अरब जस्ता देशहरुमध्ये कसैले पनि यहुदीमा दया देखाएनन् । सबै मार्न नै चाहन्थे तर पनि यहुदी बाँचे, बाँचिरहे ।

बेन्जामिन नेतन्याहुको हृदयसार्थी सम्बोधनमा वर्णन गरिएअनुसार संयुक्त राष्ट्रसंघले उपलब्ध गराएको जग्गामध्ये ६५ प्रतिशत त रेगिस्तान नै थियो । रेगिस्तानलाई आफ्नो रगत–पसिनाले सिञ्चित गरे । त्यसैलाई आफनो मातृभूमि माने । उनीहरुका निम्ति त्यो मरुभूमि नै सबैथोक थियो । उनीहरुले कुनै पनि कुरा बिर्सेनन, र फेरि उनीहरु बाँचे । अरबको आक्रमणबाट बाँचे ।सद्याम हुसैनको आक्रमणबाट बाँते । कर्नल गद्याफिको आक्रमणबाट पनि बाँच्ने आत्मविश्वास छ, किनभने उनीहरु धैर्यवान देखिए र संघर्ष गर्ने क्षमतामा बाँचेका हुन् । जेरुसलममा अहिलेसम्म ५२ पटक आक्रमण गरियो, २३ पटक घेरियो, ३९ पटक तोडने काम भयो, तीन पटक बर्बाद पनि गरियो र ४४ पटक कब्जा गरियो तर पनि उनीहरुले कहिल्यै आफ्नो जेरुसलमलाई बिर्सेनन् । किनभने त्यो उनीहरुको मुटुभित्र छ, मस्तिष्कमा छ र जबसम्म यहुदी बाँच्छन्, जेरुसलम उनीहरुको आत्माका रुपमा रहिरहनेछ ।

उनीहरुलाई सखाप पार्न खोज्नेहरु आफैँ सखाप भएका छन् भन्ने कुरा विश्वजगतले स्मरण गर्नुपर्छ । मिश्र, लेबनान, बेरिलोन, युनान, सिकन्दर करोमन खतम भइसके, फेरि पनि यहुदीहरु बाँचेकै हुन् । उपरोक्त उदाहरणले के पनि प्रष्ट पार्छ भन्ने इजरायल कति बलियो छ र उसको हौसला कति बलियो छ ?

इजरायलका प्रधानमन्त्री नेतनयाहु आफ्नो पीडालाई विस्तृतरुपमा सुनाउँदै उल्लेख गर्छन कि मुसलमानहरु समाप्त गर्न चाहन्थे, उनीहरुले हाम्रा रीतिरिवाज कब्जा गरे । उपदेशहरु कब्जा गरे । परम्परा कब्जा गरे । पैगम्बरलाई कब्जा गरे । केही समयपश्चात अब्राहमलाई इब्राहिम गरिदिए, सोलोमनलाई सुलेमान बनाइदिए, डेविडलाई दाउद बनाइदिए, मोजेजलाई मसा गरिदिए । फेरि एक दिन उनीहरुले भने कि तिम्रा पैगम्बर (मुहम्मद) आएका छन् । हामी त्यसलाई कसरी स्वीकार गर्न सक्दथ्यौँ, स्वीकार गरेनौँ । किनभने त्यतिबेला पैगम्बर आउने अवस्था नै थिएन । हामीले स्वीकार नगरेपछि हामीलाई मार्ने काम भयो । हाम्रा शहरमाथि कब्जा जमाइयो । हाम्रा शहर यसटबलाई मदिना बनाइयो । हाम्रो हत्या गरियो, हामीलाई त्यहाँबाट भाग्य बाध्य पारियो । मक्काको काबामा हामी दुई लाख थियौँ, मारियौँ । हामीलाई शत्रु घोषित गरेर हत्या गरियो । फेरि सिरिया र ओमनमा पनि यही घटना दोहो¥याइयो । त्यहाँ हामी तीन लाखका संख्यामा थियौँ तर सखाप भयौँ । इराकमा २ लाख र टर्कीमा चार लाख यहुदी मारिए । उनीहरुले हाम्रो हत्या गर्ने अभियान जारी थियो । हाम्रा शहर, घर, धन, सम्पत्ति, पशु, मानसम्मान सबैमाथि उनीहरुले कब्जा गर्दै रहे तर पनि हामी बाँच्यौँ । १३ सय सालमा करोडौँ यहुदी मार्ने काम भयो तर पनि हामी बाँच्यौ ।

७५ वर्षअघि उनीहरु हामीमाथि थुक फ्याँक्ने गर्दथे, अपमानित गर्दथे, हत्या गर्दथे । हाम्रो नियति नै थियो भरसक तर हामी सबैमाथि, आफ्नो नेतृत्वमाथि र आफ्नो विश्वासमाथि कायम रहयौँ । आज हामीसित आफ्नो देश छ । सेना छ, एउटा सानो अर्थव्यवस्था छ । इन्टेल, माइक्रोसफट, आइबिएम, फेसबुकजस्ता अनेकौँ संस्था हामीले यस अवधिमा बनायौँ । आज हाम्रा चिकित्सक औषधी बनाइरहेका छन् । लेखकहरुले विश्वउपयोगी अनेकौँ किताब लेखिरहेका छन्, लेखेका छन् । यी सबैका निम्ति हुन, मानवताको कल्याणका लागि हुन् ।

हामीले रेगिस्तानलाई हरियालीमा परिवर्तन ग¥यौँ । हाम्रा फल, औषधी, उपकरण, उपग्रह सबैका लागि छन् । हामी कसैका पनि शत्रु होइनौँ । हामी सम्मानपूर्वक, आफ्नो देशमा आफ्नो घरमा आफ्नो मातृभूमिमा बाँच्न चाहन्छौँ । विगत हजारौँ वर्षदेखि हामीलाई निमिट्यान्न पार्ने प्रयास भइरहेका छन्, हामीलाई लखेटियो, हाम्रो भूभागमाथि कब्जा जमाइयो तर हामी समाप्त भएनौँ, कहिल्यै पराजित भएनौँ । हामी जित्नेछौँ । हामी ३ हजार वर्षदेखि जेरुसलममा छौँ । आज हामी आफ्नो देश इजरायलमा छौँ । यो हाम्रो नै थियो, हाम्रो नै हो र हाम्रो नै रहनेछ । हामी जेरुसलमबाट छौँ र जेरुसलम हामीबाट छ । यहुदी समुदायको मार्मिक र हृदयविदारक गाथा छ । साँच्चिकै यहुदीलाई सिध्याउन कम प्रयास भएन तर ईश्वरले तिनको रक्षा गरे । नेपालमा पनि केही यस्ता वामपन्थी र धार्मिक कट्टरपन्थी छन्, जो विनाकारण इजरायलको विरोध गरिरहेका छन् । इजरायलमा अध्ययन गर्न र कामको खोजीमा जाने नेपाली एक हजार भन्दा बढी नै होलान् । हमासका लडाकुले नेपाली नागरिकलाई कब्जा गरी आफ्नो जिम्मा लिए । अनेकौँ क्रुर र अमानवीय यातनाबाट पीडित नेपालीका पक्षमा केही नबोल्ने हमासप्रति चिन्ता व्यक्ति गरिरहेका छन् । आखिर केही नेपालीमा हमास प्रेम किन देखिएको छ ? हमास त प्यालेस्टिनको सरकार होइन नि ? त्यो त सरकारविरोधी संगठन हो । भोलि हिजबुल्लाह र आइएसआइको समर्थनमा पनि केही नेपालीको विज्ञप्ति आए आश्चर्य मान्नुपर्ने कारण हुने छैन । हाम्रो संवेदनशीलता इजरायलप्रति पनि हुनुपर्छ ।

# द्रुत विकासको नवयुगमा चीनको नयाँ सिजाङ



**शरच्चन्द्र भण्डारी**

नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवका अवसरमा हालै यहाँ चीनका विभिन्न सहरसँग भगिनी सम्बन्ध स्थापना भएका सहरबीच सहकार्य, साझेदारी र अनुभव आदानप्रदान कार्यक्रम आयोजना गरियो । यहाँस्थित नेपालको महावाणिज्य दूतावास र सिजाङ स्वायत्त प्रदेश सरकारको वैदेशिक विभागद्वारा संयुक्त रुपमा आयोजित कार्यक्रममा दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ एवं समुधुर बनाउने विषयमा विचारविमर्श भएको थियो ।

सन् १९९९ मा बनेपा नगरपालिका र सिगात्से नगरबीच सम्बन्ध स्थापना भई प्रारम्भ भएको भगिनी सम्बन्ध पच्चिसौँ वर्षमा प्रवेश गरेको छ । बितेका २५ वर्षमा लिन्ची–पोखरा, ल्हासा–काठमाडौँ, सान्नान–भक्तपुर, करुऔ–जिरी, नाक्चु–टोखा र सिगात्से–भरतपुरबीच सम्बन्ध कायम भइसकेको छ । निकट भविष्यमा अलिर, धुलिखेल नगरबीच सम्बन्ध स्थापना हुने भएको छ । भगिनी सम्बन्ध कायम भएका नगरपालिकाहरुलाई समेटेर पहिलोपटक आयोजना गरिएको उक्त कार्यक्रममा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गर्नुभएको थियो ।

प्रतिनिधिमण्डलमा बागमती प्रदेश सरकार एवं काठमाडौँ, पोखरा र भरतपुर महानगरपालिका तथा धुलिखेल, बनेपा, जिरी, टोखा र भक्तपुर नगरपालिकाका प्रतिनिधि गरी २१ जनाको सहभागिता थियो ।

सिजाङ स्वायत्त प्रदेशका ल्हासा, सिगात्से, लिन्ची, नाक्चु, सन्नान, करुओ, नगर तथा अलि ‘प्रिफेक्चर’का प्रतिनिधि सहभागी हुनुहुन्थ्यो । त्यस अवसरमा सिजाङ सरकारका उपाध्यक्ष झाओ पिङले प्रस्तुत कार्यक्रमबाट चीन र नेपालबीचको मैत्रीपूर्ण सम्बन्धमा नयाँ आयाम थपिनाका साथै नगरनगरबीचको आत्मीय सम्बन्ध विकासमा रुपान्तरित हुने विश्वास व्यक्त गर्नुभयो । महानगरप्रमुख आचार्यले चिनियाँ पक्षबाट प्राप्त विकास सहायताका साथै नेपाल र नेपालीप्रति दर्शाएको समभाव एवं साझा भविष्य निर्माणका दिशामा नेपालका निम्ति प्रेरक भएको बताउनुभयो ।

चीनको विकासबाट नेपालले धेरै सिक्न सक्ने बताउँदै उहाँले राजनीतिक प्रतिबद्धताबाट नै विकासका लक्ष्य हासिल गर्न सक्ने दृष्टिन्त चीनबाट प्रस्तुत भएको बताउनुभयो । बागमती प्रदेशका प्रमुख सचिव भूपाल बरालले नेपाल र सिजाङ स्वायत्त क्षेत्रका सहरहरुबीच पर्यटन, संस्कृति, शिक्षा, व्यापार र प्रविधिका क्षेत्रमा सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

यहाँस्थित नेपाली महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाले भगिनी सहरहरुसँगको सम्बन्धलाई अझ बलियो बनाउन आफ्ना तर्फबाट हरसम्भव प्रयत्न हुने प्रतिबद्धता व्यक्त गर्दै लामो समयदेखि नेपालको सामाजिक–आर्थिक विकासमा सिजाङका साथै चीन सरकारले गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । त्यस अवसरमा धुलिखेल र अलि प्रिफेक्चरबीच भगिनी सम्बन्ध स्थापना गर्नेसम्बन्धी आशयपत्रमा हस्ताक्षर पनि भएको थियो । साथै नेपाली सहभागीले दुई देशबीचको पारस्परिक सम्बन्ध र विशेषगरी भगिनी सहरहरुबीचको सम्बन्धमार्फत नेपाल चीनका जनताबीचको सम्बन्धलाई अझ सुमधुर बनाउँदै पारस्परिक लाभका क्षेत्रमा अझ अर्थपूर्ण परिणाम ल्याउने विश्वास व्यक्त गरेका थिए ।

यसैबीच, सिजाङ स्वायत्त प्रदेश स्थापना भएको साठिऔँ वार्षिकोत्सवका अवसरमा चिनियाँ विदेश मन्त्रालय र सिजाङ स्वायत्त प्रदेश विदेश विभागको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल, भारत, श्रीलङ्का, थाइल्यान्ड, मङ्गोलिया, जापान, रुसी महासङ्घ र स्विट्जरल्यान्डका वरिष्ठ पत्रकार एवं प्राध्यापक सम्मिलित १५ सदस्यीय प्रतिनिधिमण्डलले सिजाङका विभिन्न स्थानको भ्रमण गरी त्यहाँ भएका सामाजिक–आर्थिक विकासबारे जानकारी लिएको छ । चीनको दक्षिण पश्चिमी भागमा अवस्थित १२ लाख वर्गकिलोमिटर क्षेत्रमा फैलिएको उक्त प्रदेशको अधिकांश भाग चार हजार मिटरभन्दा उच्च स्थानमा छ । ३६ लाख जनसङ्ख्या भएको यो प्रदेशमा तिब्बतीबाहेक ५० भन्दा बढी जनजातिको बासस्थान छ । यहाँ हान, हुइ, मेम्बा, लोबा, नाक्सी, नु, दुलोङलगायत जातजाति शान्तिपूर्ण रुपमा पारस्परिक सहयोग गर्दै सामाजिक उन्नयनमा लागेका छन् ।

दुई वर्षअघि सरकारले सार्वजनिक गरेको विवरणअनुसार ३६ लाख जनसंख्या रहेको यो प्रदेशमा तिब्बतीबाहेक ५० भन्दा बढी जनजातिको बासस्थान छ । यहाँ हान, हुइ, मेम्बा, लोबा, नाक्सी, नु, दुलोङलगायत जातजाति शान्तिपूर्ण रुपमा पारस्परिक सहयोग गर्दै सामाजिक उन्नयनमा लागेका छन् । दाङ र शेर्पा समुदायको पनि वासस्थान सिजाङ प्राचीनकालदेखि नै चीनको अभिभाज्य भूमिका रुपमा रहेको विदेश विभागका उपमहानिर्देशक छङ फोङ बताउनुहुन्छ । ‘यी सबै जातजाति विशाल चीनको परिवारका प्रिय सदस्य हुन्, सन् २०१२ मा सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को १८ औँ राष्ट्रिय महाधिवेशनले सिजाङ स्वायत्त क्षेत्रलाई देशको बाँकी भागसँगै समृद्धि र आधुनिकीकरणको यात्रामा अघि बढाउने निर्णय गरेको हो । पार्टी महासचिव सी चिनफिङको रणनीतिक दृष्टिकोणका साथ जनता केन्द्रित विकासलाई अघि बढाउँदै चीनलाई विश्वमञ्चमा पुनर्जीवित गर्ने हो । सिजाङको विकासलाई हामीले ठूलो महत्व दिएका छौँ,’ उहाँले भन्नुभयो ।

उपमहानिर्देशक छङका अनुसार चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्व, चिनियाँ विशेषतासहितको समाजवाद र क्षेत्रीय जातीय स्वायत्तताको प्रणालीलाई कार्यान्वयन गर्दै सिजाङलाई विकासको नयाँ युगतर्फ डोर्याउने , राष्ट्रिय एकीकरणको रक्षा र जातीय एकतालाई सुदृढ पार्ने, सिजाङ र यसका बासिन्दाहरूमा समृद्धि ल्याउने, उनीहरूलाई एकताबद्ध गर्दै समग्र प्रदेशको दीर्घकालीन विकासको लागि बलियो जग बसाल्नु हो । जनताको जीवन सुधार गर्ने र सामाजिक–आर्थिक विकासमा उनीहरुको एकतालाई सुदृढ पार्दै पर्यावरण एवं वातावरणीय संरक्षणलाई प्राथमिकता दिनु हो ।

अन्तरराष्ट्रिय जगत्मा सिजाङको बेग्लै परिचय स्थापित गर्न तथा बितेका ६० वर्षमा यो प्रदेशमा भएका विकासबारे अन्तरराष्ट्रिय समुदायलाई सुनाउन र प्रत्यक्ष देखाउन प्रदेशको दोस्रो ठूलो सहर लिन्चीमा ‘द चाइना सिजाङ ट्रान्स हिमालय फोरम अफ अन्टरपिनर’ शनिबार सम्पन्न भयो । क्षेत्रीय एवं पारस्परिक सहयोगको अन्तरराष्ट्रिय एवं क्षेत्रीय सहयोगको यो मञ्चमा उद्यमशीलता, विकास, वाणिज्य र व्यापारका विविध आयाममा छलफल भएको छ ।

चीनको विदेश मन्त्रालय र सिजाङ स्वायत्त प्रदेशको विदेश विभागको संयुक्त आयोजनामा भएको सम्मेलनमा चीनका लागि नेपालका राजदूत कृष्णप्रसाद ओलीले नेपालको विकास प्रयासमा चीन सरकारबाट प्राप्त निरन्तर सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता सम्मेलनबाट नेपाललगायत विकासको मार्गमा अग्रसर अल्पविकसित देशलाई ज्ञान आर्जन गर्न सहयोग पुग्ने बताउनुभयो ।

सन् २०१८ मा ट्रान्स हिमालय फोरमका रूपमा स्थापना भएको यो मञ्चले हालसम्म चारवटा सम्मेलन आयोजना गरिसकेको छ । पचास देशका २० भन्दा बढी अन्तरराष्ट्रिय सहायता निकायका साथै विद्वत् वर्ग, राजनीतिक नेतृत्व, कूटनीतिज्ञ तथा नागरिक समाजका सदस्यसहित चार सय जनाले भाग लिइसकेका छन् । पर्यवरणीय सन्तुलन कायम गर्ने तथा संस्कृति संरक्षण गर्दै हिमाली क्षेत्रका राष्ट्रहरूलाई एकताबद्ध गर्ने मञ्चको उद्देश्य भएको सिजाङ सरकारले जनाएको छ । रासस

# 'वित्तीय अनुशासन कायम गर्न बेरुजु घटाउन आवश्यक'

**काठमाडौँ।**
संवैधानिक निकाय, तीन तहका सरकार तथा सार्वजनिक संस्थानहरुले नियमित लेखापरीक्षण गर्ने तथा देखिएको बेरुजु घटाएर वित्तीय अनुशासन कायम गर्नुपर्नेमा जोड दिइएको छ । वित्तीय अनुशासनलाई कायम गर्न बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको हो।

महालेखापरीक्षकको कार्यालयको ६७औँ वार्षिकोत्सव अवसरमा आयोजित कार्यक्रममा सभामुख देवराज घिमिरेले सरकारी निकायमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका लागि महालेखापरीक्षकको कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे। उनले लेखापरीक्षणमार्फत् सार्वजनिक स्रोत–साधनको सदुपयोग र वित्तीय अनुशासन कायम गर्न थप गम्भीर हुन बताए । 'बेजुरु घटाउन सबै निकायले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्ने, कर्मचारीको क्षमता वृद्धि तथा सचेतनाका लागि आवश्यक पहल गर्ने, संस्थागत सुशासन कायम राख्न र सार्वजनिक संस्थानहरूको वित्तीय स्वास्थ्य सबल राख्न महालेखाले दिएका सुझाव प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ', सभामुख घिमिरेले भने।

सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले सार्वजनिक स्रोत साधनको प्रयोगमा अनुशासन कायम गर्न आवश्यक भएको बताए। उनले महालेखापरीक्षकको कार्यालय र लेखा समितिबीचको सम्बन्ध सुमधुर रहेको चर्चा गर्दै बेरुजु फछ्र्यौट समितिको एकल प्रयास पर्याप्त नहुने बताए। 'सार्वजनिक लेखा समितिले मात्र बेरुजु समस्या समाधान गर्न सक्दैन । यसका लागि सम्बन्धित कार्यालय पनि जिम्मेवार हुनुपर्छ। ', उनले भने।

महालेखापरीक्षक तोयम रायाले सार्वजनिक निकायले लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका समयमै कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। उनले 'वित्तीय सुशासन कायम राख्न सबै संवैधानिक निकाय, मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय सरकार र सार्वजनिक संस्थाहरुको जिम्मेवारी हो ', उनले भने।

महालेखापरीक्षकको कार्यालयले हाल बक्यौता लेखापरीक्षण, जोखिममा आधारित लेखापरीक्षण, कार्यमूलक तथा विशेष लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण, सूचना प्रविधिसम्बन्धी लेखापरीक्षण, सङ्गठित संस्थाको लेखापरीक्षण र औचित्यमूलक लेखापरीक्षण गर्दै आएको छ । यसका लागि वार्षिक कार्यतालिकासमेत प्रकाशित गरी नियमानुसार काम अघि बढाइएको जनाइएको छ।

महालेखापरीक्षकको ६२औँ वार्षिक प्रतिवेदन २०८२ अनुसार सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख रुपैयाँ बराबर छ । अद्यावधिक बेरुजु गतवर्षको भन्दा नौ दशमलव ४५ प्रतिशतले बढेको छ। त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम पाँच खर्ब ५१ अर्ब एक करोड रुपैयाँ गरी हालसम्मको बेरुजु १२ खर्ब ८४ अर्ब २० करोड रुपैयाँ बराबर पुगिसकेको छ। प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०÷८१ मा मात्र ९१ अर्ब ५९ करोड ७९ लाख रुपैयाँ बराबर बेरुजु थपिएको छ ।त्यस अवसरमा शून्य बेरुजु कायम गर्न सफल काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिकालाई सम्मानित गरिएको थियो । न्यून बेरुजु रहेका प्रत्येक प्रदेशबाट एउटा पालिका र उत्कृष्ट कर्मचारीलाई पनि पुरस्कृत गरिएको थियो ।रासस

# सर्वोच्च अदालतमा प्रस्तावित दुई न्यायाधीशको संसदीय सुनुवाइ

**काठमाडौँ।**
संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतका प्रस्तावित दुई जना न्यायाधीशको सुनुवाइ गरेको छ । समितिले वरिष्ठ अधिवक्ता मेघराज पोखरेल र उच्च अदालत जनकपुरका मुख्यन्यायाधीश श्रीकान्त पौडेलको आईतवार सुनुवाइ गरेको हो।

सुनुवाइका क्रममा समिति सदस्यहरुले लामो समयसम्म राजनीतिक दलको पक्षधर भएर काम गरेका कानुन व्यवसायीले कसरी निष्पक्ष रूपमा न्याय सम्पादन गर्न सक्लान् भन्ने प्रश्न गर्दै प्रमाणका आधामा मात्र फैसला सुनाउँदा न्यायका निम्ति अदालत पुगेको व्यक्ति पुनः अन्यायमा परेका घटना सुनाए।

समिति सदस्य जनार्दन शर्माले सिद्धान्त र व्यावहारिक अभ्यासबीच ठूलो अन्तर रहेको जनाउँदै न्यायलयबाट शक्ति पृथकीकरणको सिद्धान्त विपरीत मुद्दाको निर्णय सुनाउँदा विकास निर्माणका काम प्रभावित भएका वास्तविकता सुनाए।

अर्का सदस्य श्यामकुमार घिमिरेले राजनीतिक मुद्दालाई न्यायाधीशले पन्छाउने प्रवृत्ति बढेको टिप्पणी गरे।

समिति सदस्य महेशकुमार बर्तौला, ज्ञानेन्द्रबहादुर कार्की डोलप्रसाद (डिपी) अर्याल, जगप्रसाद शर्मा, लीला श्रेष्ठ र सुनिता बरालले न्यायाधीशद्वयलाई विविध प्रश्न गरेका थिए थियो । उनिहरूले सर्वोच्च अदालत बारको नेतृत्वमा रहेको व्यक्ति सर्वोच्चको न्यायाधीश हुने, न्यायमूर्तिको निष्पक्षता र नैतिकता नै निजको गहना हुने भएकाले त्यसतर्फ विशेष ध्यान दिन सुझाएका थिए । न्यायालयभित्र सुशासन कायम गर्न न्यायाधीशहरू निर्मम रूपमा प्रस्तुत हुनुपर्नेमा पनि उनिहरूले जोड दिए।

गत जेठ ३० गतेको न्याय परिषद् बैठकले वरिष्ठ अधिवक्ता पोखरेल, न्यायाधीश पौडेल र अर्का न्यायाधीश शान्तिसिंह थापाको नाम तथा प्रधानमन्त्रीबाट न्याय परिषद् सदस्यमा महेशकुमार नेपालको नाम संसदीय सुनुवाइका लागि पठाइएको हो ।रासस

# म चोरेर खाने मान्छे होइन, काम गरेर खान्छु निराधार आरोप मान्य छैन्ः डीपी अर्याल

**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डोलप्रसाद अर्यालले आइतबार प्रतिनिधिसभाको बैठकमा बोल्दै भिजिट भिसाका नाममा भइरहेको मानव तस्करीविरुद्ध आन्दोलन जारी रहेको बताएका छन् । उनले काम गरेर खानेलाई चोरेर खानेहरुले जबाफ दिनुपर्ने अवस्था आएको भन्दै आक्रोश व्यक्त गरे ।




सांसद अर्यालले गत ३३ दिनदेखि भिजिट भिसाको नाममा भइरहेको मानव तस्करीप्रति सरकार गम्भीर नदेखिएको आरोप लगाए ।

उनले भने, 'हामीले हाम्रो आन्दोलन आजपनि जारी नै राखेका छौं । यहाँ काम गरेर खानेहरुले चोरेर खानेहरुलाई जवाफ दिएर हिँड्नुपर्ने अवस्था आयो ।'

उनले मानव तस्करी प्रकरणमा संसदीय छानबिन समिति वा उच्चस्तरीय आयोग गठन गर्न माग गर्दै आएका छन् तर, उनले सदनमा उनीहरूमाथि निराधार आरोप लगाइएको भन्दै आपत्ति जनाए ।

'यस विषयलाई विषयान्तर गर्ने गरी हिजो यही सदनमा निराधार आरोप लगाउने प्रयास गरियो,'उनले भने, 'राजनीतिलाई पेसा बनाएर वर्षौंदेखि देश दोहन गरिरहेकाहरुले आफूजस्ता व्यवसाय गरेर खानेहरूमाथि गम्भीर आरोप लगाइरहेका छन् ।'

सांसद अर्यालले आफ्नै ट्राभल्स कम्पनीको नाम सार्वजनिक गर्दै आफूमाथि लागेका आरोपलाई स्पष्ट रुपमा अस्वीकार गरे । 'सुमेरे टुर एण्ड ट्राभल्स मेरो कम्पनी हो। म यो देशमा केही गरेर खाने मान्छे हुँ, चोरेर खाने मान्छे होइन,'उनले भने ।

उनले कम्पनीमार्फत एक जना पनि व्यक्ति जापान वा कुनै देशमा भिजिट भिसामा गएकै छैनन् भन्ने दाबी गर्दै प्रमाण माग गरे ।

'यदि कसैले प्रमाण दिन्छ कि हामीले पैसा लिएका छौं र मान्छे फर्किएका छैनन् भने म जिम्मेवारी लिन्छु । होइन भने निराधार आरोप संसदको रेकर्डबाट हट्नुपर्छ' उनले भने ।रासस

# सदनमा गालीगलौज गर्ने काम बन्द नभए प्रतिवादमा उत्रने छौं : श्याम घिमिरे

**काठमाडौं।**
नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले रास्वपाका सांसदहरुले संसद्को आकस्मिक समयको दुरुपयोग गरेको आरोप लगाएका छन्।

प्रतिनिधिसभाको आजको बैठकमा बोल्दै उनले संसद् बैठकको आकस्मिक समयमा चोर, मानव तस्कर र बेचुवाजस्ता शब्द प्रयोग गरेको र समयको दुरुपयोग गरेको भन्दै अब यसरी बोल्ने सांसदहरुलाई बोल्नबाट पनि बञ्चित गरिनुपर्ने माग गरे।

उनले भने, 'सदनमा गालीगलौज गर्ने काम बन्द नभए प्रतिवादमा उत्रने छौं । संसद्को आकस्मिक समयको दुरुपयोग गरेर गालीगलौज गर्ने भएको भन्दै यस्ता कार्य बन्द नभए प्रतिवादमा उत्रने छौं । सदनमा तल्लोस्तरको गालीलगौज गर्ने कामले संसद्को मर्यादा कायम हुनसकेको छैन।'

घिमिरेले संसद्को मर्यादाविपरित अभिव्यक्ति दिने संसदहरुलाई बोल्नबाट वञ्चित गर्नुपर्ने उल्लेख गरे । त्यस्तै माओवादी सांसद अमनलाल मोदीले सदनमा अमर्यादित शब्द व्यक्त भएको भन्दै आपत्ति जनाए । उनले रास्वपा सांसद डिपी अर्याल र कांग्रेस सांसद रामहरि खतिवडाको अभिव्यक्ति गैरसंसदीय भएको भन्दै रेकर्डबाट हटाउन माग गरे। रासस

# प्रतिनिधिसभाः 'सरकार संसद्प्रति जवाफदेही हुनुपर्छ'

**काठमाडौँ।**
प्रतिनिधिसभाको आईतवारको बैठकमा सांसदहरूले सरकार संसदप्रति जवाफदेही हुनुपर्नेमा जोड दिएका छन।

बैठकमा समय माग गरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद अमनलाल मोदीले भने, 'हामी सांसदहरूले सदनमा शून्य, विशेष समयमा जनताका सवाल उठाउने गर्छौं, तर सरकारले संसदमा उठेका विषयवस्तुको जवाफ दिएको छैन, मैले हुलाकी सडकको दूराअवस्थाको बारेमा सरकारको ध्यानाकर्षण गराएको थिएँ, तर सरकारले गम्भीरतापूर्वक लिएको छैन ।' नेपाली कांग्रेसका सांसद डा चन्द्र भण्डारीले गुल्मीको रुरुबाट सदरमुकाम तम्घास जाने सडक नीतिगत निर्णय अभावका कारण निर्माण हुन नसकेको बताए। 'उक्त सडक जोखिमपूर्ण छ । वर्षात्को समयमा पहाड खस्ने अवस्था छ, गुल्मीका विभिन्न ठाउँमा पुल निर्माण नहुँदा बाढीपहिराको समस्या बढिरहेको छ, यो बारेमा सरकारको ध्यानाकर्षण गराउछु', उनले भने।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद रणेन्द्र बरालीले भने, 'सिरहा जिल्लाका युवा अजय महरा हिजो बिहान मृत फेला परेका छन्, उनको हत्यारालाई पत्ता लगाउने काम सरकारको हो, अविलम्ब अनुसन्धान गरी हत्यारालाई कारबाहीको दायरामा ल्याउन म सरकारसमक्ष माग गर्दछु।'

आम जनता पार्टीका सांसद प्रभु शाहले गौशलास्थित पशुपति क्षेत्रमा हुने गतिविधि पारदर्शी हुनुपर्ने माग गरे । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद कृष्णकुमार श्रेष्ठले पूर्व–पश्चिम राजमार्गपस्थित पथलैयाबाट निजगढ जाने बाटोमा पर्ने दूदरा खोलामा करिब छ वर्षदेखि अलपत्र परेको पुल आजसम्म पनि बन्न नसक्दा जनताले सास्ती भोग्नु परेको भन्दै सरकारको ध्यानाकर्षण गराए । रासस

# राष्ट्रियसभाः विनियोजन विधेयकको मन्त्रालयत शीर्षकमाथिको छलफल जारी

**काठमाडौँ।**
राष्ट्रियसभाको आईतवारको बैठकमा विनियोजन विधेयक–२०८२ अन्तर्गत मन्त्रालयत शीर्षकमाथिको छलफल जारी छ । आजको बैठकमा विभिन्न १४ वटा मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल हुने कार्यसूची छ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिला, वन तथा वातावरण, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, सहरी विकास, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, अर्थ, सङ्घीय मामिला तथा सामान्य प्रशासन, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसङ्ख्या, सञ्चार तथा सूचना प्रविधि, परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिँचाइ र खानेपानी मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल जारी छ । अध्यक्ष नारायणप्रसाद दाहालले ती मन्त्रालयत विनियोजन शीर्षकमाथि खर्च कटौतीको प्रस्ताव नआएको जानकारी गराए । विनियोजन विधेयकअन्तर्गत विभिन्न मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा सांसदहरू तुलसाकुमारी दाहाल, सुरेश आलेम मगर, नारायणदत्त मिश्र, उदयबहादुर बोहरा, सोनाम ग्याल्जेन शेर्पा, झक्कुप्रसाद सुवेदी, किरणबाबु श्रेष्ठ, गोमादेवी तिमिल्सिना, रुक्मिणी कोइराला, भुवनबहादुर सुनार, नारायणदत्त भट्ट, राजेन्द्रलक्ष्मी गैरे, जगप्रसाद शर्मा र दुर्गा गुरुङले भाग लिए।

उनिहरूले आर्थिक समृद्धिको आधारका रूपमा रहेको पर्यटन क्षेत्रको प्रवर्द्धन, मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण, राष्ट्रिय गौरवको आयोजनाको कार्यान्वयन, स्वास्थ्य पूर्वाधारको विकास, व्यापार घाटा न्यूनीकरण तथा किसानका समस्या समाधान गरी उत्पादन वृद्धिको योजना ल्याउन सरकारलाई सुझाव दिए।रासस

# पहिले नेपाल धानमा आत्मनिर्भर थियो अहिले अवस्था विग्रियो : अध्यक्ष नेपाल

**काठमाडौं।**
नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकको कृषि प्रणालीमा आत्मनिर्भरता आवश्यक रहेको बताएका छन्।

राष्ट्रिय धान दिवसको अवसरमा आयोजित रोपाइँ कार्यक्रममा बोल्दै नेता नेपालले विगतमा नेपाल धानमा आत्मनिर्भर मात्र नभई विदेश निर्यातसमेत गर्ने मुलुक रहेको तर अहिलेको अवस्था दुःखद भएको बताएका हुन्।

उनले भने, 'नेपाल एउटा कृषि प्रधान देश हो । कृषिमा आत्मनिर्भर हुनुपर्ने हो, तर अहिले धान र चामलसमेत आयात गर्नुपर्ने स्थिति आएको छ। पुग्ने फलफूल पनि हामी नेपालमै उत्पादन गर्न सक्छौं । यदि त्यसो गर्न सक्यौं भने नेपाल फलफूल उत्पादन गर्ने महत्वपूर्ण देशका रूपमा स्थापित हुन सक्छ।'

साथै उनले नेपाल प्राकृतिक स्रोत साधनमा धनी देश भए पनि तिनको उचित उपयोग नहुनु देशको पछौटेपनाको प्रमुख कारण भएको जिकिर गरे।

उनले भने, 'नेपालमा कृषिजन्य वस्तु उत्पादन गर्ने विशाल सम्भावना छ । संस्कृति र प्राकृतिक स्रोतको हिसाबले नेपाल सम्पन्न देश हो। यति सम्भावना हुँदाहुँदै पनि बुद्धि नपुगेर, सही नीति र योजना नबनाउँदा हामी आयातमा निर्भर बन्न पुगेका छौं।'

उनले कृषिमा आधारित नीति र प्रविधिको प्रयोग गर्दै मुलुकलाई आत्मनिर्भर बनाउने दिशामा सरकारले ध्यान दिनुपर्ने आवश्यकता औंल्याए। रासस

# धान उत्पादन राम्रो छ, तर तथ्यांकलाई गलत व्याख्या गरेर भ्रममा पारियो : गगन थापा

**काठमाडौं।**
नेपाली कांग्रेसका महामन्त्री गगन थापाले नेपालमा धान उत्पादनबारे फैलिएको गलत धारणा सच्याउनुपर्नेमा जोड दिएका छन्।

राष्ट्रिय धान दिवस २०८२ को अवसरमा काठमाडौंको बुढानिलकण्ठ नगरपालिका चुनीखेलमा आयोजित कार्यक्रममा बोल्दै उनले नेपालले अतितमा धान निर्यात गर्ने राष्ट्रको रुपमा चिनिए पनि अहिलेको वास्तविकता त्यस्तो नरहेको बताएका हुन्।

'नेपालले कुनैबेला अत्यधिक मात्रामा धान उत्पादन गथ्र्यों र निर्यात पनि हुन्थ्यो,'थापाले भने,'तर अहिले 'नेपालमा धान उत्पादन घटेको छ'भन्ने धारणा गलत तथ्यांकका आधारमा बनाइएको हो । नेपालले धान आयात गरिरहेको भएपनि उत्पादन राम्रो नै भइरहेको छ।'

साथै उनले देशभर रहेका बाँझो खेतको उपयोग गर्नुपर्ने आवश्यकता औंल्याए । उनले भने, 'खेतीयोग्य जमिन उपयोगमा ल्याउन सक्यौं भने धान उत्पादन अझै बढाउन सकिन्छ। तर सिँचाइ आयोजनाहरु समयमै सम्पन्न हुन नसक्दा समस्या देखिएको छ।'

उनले सिँचाइ आयोजनाको प्रभावकारितामाथि पनि प्रश्न उठाउँदै भने, 'केही वर्षअघिसम्म सम्पन्न भइसक्नुपर्ने ठूला सिँचाइ आयोजना अझै अपूरा छन्, सिँचाइ छिटो पुरा गर्न सके धान उत्पादनमा ठुलो फड्को मार्न सकिन्छ।' रासस



# नेप्से परिसूचकमा दोहोरो अङ्कको सुधार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ । आईतवार नेप्से परिसूचक २६ दशमलव ५३ अङ्कले बढेर दुई हजार छ सय २२ दशमलव २८ को बिन्दुमा कायम भएको हो ।
आज तीन सय २८ कम्पनीको एक करोड ६६ लाख ४३ हजार ११४ कित्ता शेयर ७४ हजार ७५२ पटक खरिदबिक्री हुँदा सात अर्ब १२ करोड १७ लाख ३६ हजार ११४ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५६ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।
सबैभन्दा बढी बैंकिङ दुई प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक एक दशमलव ६१, वित्त शून्य दशमलव ६४, होटल तथा पर्यटन शून्य दशमलव शून्य नौ, जलविद्युत् शून्य दशमलव ५४, लगानी शून्य दशमलव ३२ र जीवन बिमा समूह शून्य दशमलव ८२ प्रतिशतले बढेको छ । लघुवित्त समूह एक दशमलव ५८, म्युचुअल फण्ड शून्य दशमलव ३७, निर्जीवन बिमा शून्य दशमलव ४२, व्यापार शून्य दशमलव २७ र अन्य समूह एक दशमलव ३५ प्रतिशतले बढेको छ ।
आज सबैभन्दा बढी सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ । जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी पाँच दशमलव ५७ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा बढी साहस ऊर्जा लिमिटेडको ५७ करोड ८६ लाख ८८ हजार २०२ रुपैयाँ बराबरको नौ लाख ७५ हजार ५९८ कित्ता शेयर किनबेच भएको छ ।रासस

# खेती गर्ने समय पनि परिवर्तन हुँदै

**मनाङ ।**
फरक वातावरणले गर्दा अहिले मनाङको तल्लो क्षेत्रमा खेती भित्र्याउने समय हो भने माथिल्लो भेगमा लगाउने कार्य भइरहेको छ । यहाँ प्रायः आलु, गहुँ, फापर, करु, उवा, कोलु बोडी जस्ता परम्परागत बाली लगाउने गरिन्छ । जिल्ला ती खाद्यन्नमा आत्मनिर्भर बनेको छ ।
किसान ताचै, तिल्चे, थानचोक, चामे, तिमाङ, नाचै, ओडारलगायत क्षेत्रमा खेती भित्र्याउन व्यस्त छन् । कृषि ज्ञान केन्द्रका अनुसार नार्पाभूमि र मनाङ ङिस्याङ गाउँपालिकामा खेती लगाउने समय भएको छ । दिनानुदिन वातावरणमा आएको परिवर्तनले परम्परागत बाली हराउन थाले पनि यतिबेला कहीँ खेती भित्र्याउने त कहीँ लगाउने समय भएको कृषि ज्ञान केन्द्रका प्रमुख मदन रेग्मीले जानकारी दिए । यसलाई सुहाउँदो वातावरणको अभावले पनि खेतीबाली फेरिन थालेका उनको भनाइ छ ।
करु, गहुँ, आलुलगायत खेती भित्र्याउन किसान व्यस्त छन् । यहाँ जलवायुको प्रत्यक्ष प्रभाव देखिँदै गएकाले खेती गर्ने समय पनि परिवर्तन हुँदै गएको छ । यसका साथै परम्परागत बालीको उत्पादनमा ह्रास आउन थालेपछि विकासे (हाइब्रिड) खेतीपातीतर्फ किसान आकिर्षत हुन थालेको पाइन्छ । तर, परम्परागत बालीको उत्पादकत्वका आधारमा किसान सचेत हुँदै कृषिमा आकर्षित भएका पाइन्छ । विगत चार वर्षको तथ्याङ्क हेर्ने होभने अन्य परम्परागत बालीको तुलनामा स्थानीय प्रजातिको आलुखेतीमा वृद्धि भएको पाइन्छ । कोभिड तथा बाढीपहिराको विपद्को वर्षबाहेक अन्य वर्षमा उत्पादकत्व वृद्धि भएको ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।
मनाङको तल्लो भेगमा अन्य बाली जस्तै मकै, आलु, करु, गहुँ, जौ, फापर, कोलु बोडीलगायतको खेती गरिन्छ । गोलभेँडा, काउली, फर्सी, प्याज, लसुन, साग, मुला, गाँजरलगायत तरकारी यहीँ उत्पादन हुन्छ । प्रमुख रेग्मीले भने, 'यहाँ उत्पादित खाद्यवस्तु जिल्लामा नै खपत हुन्छ, यहाँ चामल, कोदोबाहेकका अन्य खेती गरिन्छ र खपत पनि यहीँ हुन्छ ।'
यहाँ उत्पादित वस्तुले बजार नपाउला भन्ने समस्या नरहेको उनको भनाइ छ । हिमाली जिल्ला भएकाले यहाँ जलवायु परिवर्तनको असर यहाँका स्थानीयले भोगिरहेको उनले बताए । 'हिउँको भरमा सिँचाइ हुने यस क्षेत्रमा हिउँ पर्न छाडेको छ, कहिलेकहीँ बेसिजनमा हिउँ पर्छ', उनले भने, 'यसको असर प्रत्यक्ष खेतीपातीमा पर्न गएको छ । सिँचाइको अभावले खेती परिवर्तन हुने अवस्था सृजना हुने त्रास छ ।'
जलवायु परिवर्तनले खेती फेर्नुपर्ने अवस्था देखिएको ज्ञान केन्द्रको अध्ययनले देखाउँछ । विगतमा नहुने खेती र यहाँको तापक्रम वृद्धिले असर पारेको खेतीबालीमा देखिएको छ । परम्परागत बालीका खाद्यान्नको माग बढ्दो भए पनि किसान भने विकासे खेती लगाउने गरेको पाइन्छ । उत्पादन कम भएपछि किसान खेती फेर्नतर्फ लागेको पाइएको छ ।
कार्यालयको तथ्याङ्कका आधारमा उत्पादन कम हुने हुँदा परम्परागत बाली खेतीतर्फ आकर्षण घट्दै गएको देखिन्छ । जलवायु परिवर्तनको असर जति बढ्दै गएको छ, उति नै खेतीयोग्य भूमि बाँझो बन्दै गएको पाइएको प्रमुख रेग्मीले बताए । उनका अनुसार परम्परागत खेतीतर्फ किसान आकर्षित छन् । उत्पादन यहीँ खपत हुन्छ । तर, व्यवसाय परिवर्तनले प्रभाव पारेको छ । विगतमा हुने गरेका खेतीलाई उत्पादन वृद्धि गरी बजारीकरण
अन्तरराष्ट्रियस्तरसम्म पुर्याउने गरी तीनै तहको ध्यानाकर्षण हुन आवश्यक छ । रासस

# भारतीय मन्दिरमा भागदौड हुँदा तीनको मृत्यु



**भुवनेश्वर**
भारतको तटीय राज्य उडिसामा आइतबार एक हिन्दू धर्मावलम्बीको चाडमा अचानक भीड बढेपछि भागदौड मच्चिँदा कम्तीमा तीन जनाको मृत्यु हुनुका साथै कैयौँ घाइते भएका स्थानीय सरकारी अधिकारीहरूले बताएका छन् ।हिन्दू धर्मावलम्बीको रथ महोत्सवका अवसरमा पुरी शहरको गुन्डिचा मन्दिर नजिकै हजारौं भक्तजनको भीड लागेको थियो ।
जिल्ला प्रशासनका अधिकारी सिद्धार्थ स्वैनले भने, 'मन्दिरमा एक्कासी भीड बढ्दा आवागमनमा समस्या भएको र पेलापेल र भागदौडपछि नौ जना भक्तजनलाई श्वासप्रश्वासमा समस्या भएपछि अस्पताल लगिएको थियो । तीन जनाको मृत्यु भएको छ भने अन्यको अवस्था स्थिर छ ।'
स्थानीय सञ्चारमाध्यमका अनुसार महोत्सवमा जाने अन्य थुप्रै व्यक्ति घाइते भएका बताएका छन् भने यसबारे सरकारी अधिकारीहरूले तत्काल पुष्टि गर्न सकेका छैनन् ।
उडिसाका मुख्यमन्त्री मोहनचरण माझीले भक्तजनको अत्यधिक भीडका कारण यो दुःखद घटना भएको बताए ।
माझीले सामाजिक सञ्जाल एक्समा लेखेका छन, 'ज्यान गुमाउनेका परिवारप्रति म समवेदना प्रकट गर्दछु ।'
'यो लापरबाही अक्षम्य छ । सुरक्षामा भएका कमीकमजोरीको तत्काल छानबिन गर्न र दोषीलाई कडा कारबाही गर्न निर्देशन दिएको छु ।'
भारतीय धार्मिक चाडहरूमा घातक भागदौड र भीड हुनुलाई एक सामान्य घटना मानिन्छ ।
गत मे महिनामा गोवा राज्यमा आगोमाथि हिड्ने लोकप्रिय अनुष्ठानका लागि हजारौं मानिस भेला भएका समय भएको दुर्घटनामा छ जनाको मृत्यु भएको थियो ।
जनवरीमा उत्तरी शहर प्रयागराजमा हिन्दूहरूको महान् चाड कुम्भ मेलामा भएको झडपमा कम्तीमा ३० जनाको मृत्यु भएको थियो ।
रासस/एएफपी

# तेहरानस्थित इभिन जेलमा इजरायली आक्रमणमा ७१ जनाको मृत्यु भएको पुष्टि

**तेहरान ।**
तेहरानको इभिन कारागारमा यस महिनाको १२ दिनसम्म चलेको युद्धका क्रममा इजरायली आक्रमणमा परी कम्तीमा ७१ जनाको मृत्यु भएको इरानको न्यायपालिकाले आइतबार जनाएको छ ।
तेहरानको उत्तरमा रहेको इभिनमा सोमबार भएको आक्रमणले प्रशासनिक भवनको केही भाग ध्वस्त पारेको थियो । उक्त जेलमा राजनीतिक बन्दी र विदेशी नागरिकहरू रहेको अधिकारवादी समूहहरूले बताएका छन् ।
'इभिन जेलमा भएको आक्रमणमा ७१ जनाको मृत्यु भएको पुष्टि भएको छ,' इरान सरकारद्वारा गराइएको औपचारिक जानकारीमा भनिएको छ ।
इजरायलले जुन १३ मा सुरु गरेको बमबारी अभियानबाट प्रभावितमध्ये एक स्थान इभिन जेल रहेको न्यायपालिकाका प्रवक्ता असगर जहाँगीरले बताए । जहाँगीरका अनुसार इभिनमा मारिएकाहरूमा प्रशासनिक कर्मचारी, गार्ड, कैदी र भेट्न आएका आफन्तहरू साथै जेल नजिक बस्ने केही व्यक्ति पनि थिए । न्यायपालिकाले सार्वजनिक गरेको तस्बिरमा भवनको पर्खाल भत्किएको, छाना भत्किएको, छरिएर रहेका भग्नावशेष र प्रतीक्षालयमा रहेका सतहहरु भत्किएको देख्न सकिन्छ ।
इभिनको मेडिकल सेन्टर र भिजिटिङ रुमलाई निशाना बनाइएको अदालतले बताएको छ ।आक्रमणको एक दिनपछि मङ्गलबार इरानी जेल प्रशासनले इभिन जेलबाट पहिचान नै नगरी कैदीलाई बाहिर स्थानान्तरण गरेको बताएको थियो ।
इभिनमा नोबेल शान्ति पुरस्कार विजेता नार्गेस मोहम्मदी, केही फ्रान्सेली नागरिक र अन्य विदेशी नागरिक रहेका छन् । रासस/एएफपी

# पाखाबारीमा लोभलाग्दो केराखेती: १५ लाखसम्म आम्दानी

**म्याग्दी ।**
बेनी नगरपालिका–९ घतान काउलेगौँडाका ४० वर्षीय युवा प्रकाश खत्री केराखेतीबाट स्वरोजगार र आत्मनिर्भर बनेका छन । वैदेशिक रोजागरका सिलसिलामा दुबईमा तीन वर्ष काम गरेर फर्कनुभएका खत्री गाउँमै रहेको खेतबारी र पाखापखेरामा केराखेती गरेर आकर्षक आम्दानी गर्न सफल भएका हुन । सुरुमा तीन रोपनीमा केराखेती गर्नुभएका खत्रीले लगाएका बोटले आम्दानी दिन थालेपछि केराको व्यावसायिक खेतीमा लागेका थिए ।
'अहिले मेरो सबै जग्गामा केराखेती छ, करिब २५ रोपनीमा केराखेती विस्तार गरेको छु, वार्षिक रूपमा १० देखि १५ लाख रुपैयाँ केराबाट आम्दानी हुन्छ, नयाँ बोटले उत्पादन दिन थाल्यो भने आम्दानी पनि बढ्ने अनुमान गरेको छु', खत्रीले भने । परम्परागत रूपमा धान रोप्ने खेत र मकै, कोदोलगायत अन्नबाली लगाउने बारीमा खत्रीले व्यावसायिक केराखेती लगेका छन । केराखेतीका लागि आवश्यक पर्ने मलका लागि कुखुरापालन पनि गरेका खत्रीले परम्परागत खेतीबालीलाई व्यावसायिक बनाउने र परिश्रम गर्न सकेमा स्वदेशमै पनि आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन । उनका चारवटा केराखेतीको बगान छन् ।
काउलेगौँडामा विगत एक दशकयता केराखेतीको लहर चलेको हो । यहाँका करिब एक सय ५० घरपरिवार सबैले केराखेती गरेका छन् । काउलेगौँडाको थाकन, गौउथले, मुलबारी, पाटारुख, बराहथान तुसारेलगायत क्षेत्रमा केराखेतीको व्यावसायिकता बढेको छ ।
यस गाउँमा रुद्र चोखाल, दीपक खड्का, ओमकार पुरी, सोम केसी, भगवती बस्नेत, रुद्रबहादुर बस्नेतलगायतले केराको व्यावसायिक खेती गरेका छन । काउलेगौँडाका विभिन्न टोलबस्तीमा करिब चार सय रोपनीमा केराखेती विस्तार भएको काउलेगौँडा कृषि समूहका अध्यक्ष पुन्य चोखालले जानकारी दिए । अध्यक्ष बस्नेतले समेत साढे पाँच रोपनी बढी जग्गामा केराखेती गरेका छन । उनका अनुसार चालु आर्थिक वर्ष २०८१÷८२ मा बेनी नगरपालिकाको केरा पकेट क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत काउलेगौँडामा एक सय २० रोपनी जग्गामा तीन हजार पाँच सय हजारी जातको नयाँ बिरुवा लगाइएको छ ।
पच्चीस जना किसान आबद्ध काउलेगौँडा कृषक समूहले बेनी नगरपालिकाको १२ लाख रुपैयाँ अनुदान र किसानको १२ लाख रुपैयाँ बराबरको साझेदारीमा एक सय २० रोपनी जग्गामा केराखेती विस्तार गरिएको छ । दुईवटा माटे पोखरी र एक ढलान गरेको पक्की सिँचाइ पोखरी निर्माण गरी स्थानीयस्तरमा रहेका मुलको पानीलाई जम्मा गरेर तीन हजार पाँच सय मिटर पाइप लाइन विस्तार गरेर केराखेती भएको ठाउँमा सिँचाइको बन्दोबस्त मिलाइएको समूहका अध्यक्ष चोखालले बताए । पकेट क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत भर्याङ, सिकेचरलगायतका कृषि औजार र उपकरणसमेत खरिद गरी वितरण गरिएको छ ।
यहाँ हजारी, धुर्से र मुर्रे जातका केराखेती हुँदै आएको छ ।
काउलेडौँडा क्षेत्रमा अहिले स्थानीय पानीका मुलहरूलाई जम्मा गरेर केराखेतीमा सिँचाइको प्रबन्ध मिलाउँदै आइएको छ । व्यावासायिक रूपमा खेती विस्तार भइरहेकाले निकट भविष्यमा हिउँदयाममा केरालाई सिँचाइको अभाव हुने भएकाले रघुगङ्गा र कालीगण्डकी नदीबाट लिफ्ट प्रविधिको सिँचाइ आयोजनाका लागि माग गरिएको कृषक समूहका अध्यक्ष चोखालले जानकारी दिए ।

**अन्नबाली छाडेर केराको व्यावसायिक खेती**
युवायुवती वैदेशिक रोजगारको कारण विदेश जाने र गाउँघरमा अन्नबालीको खेती लगाउन काम गर्ने जनशक्ति पाइन छाडेपछि स्थानीयले केराखेती सुरु गरेका थिए । खेतबारीलाई बाँझो रहन नदिन सुरु भएको केराखेती अहिले गाउँको आम्दानीको प्रमुख स्रोत बनेको छ । गाउँमा अधिकांशले खेतीयोग्य जमिनका साथै पाखो बारीमा पनि केराखेती लगाएको स्थानीय कुलबहादुर बस्नेतले बताए ।
'करिब आठ रोपनी जग्गामा केराखेती विस्तार गरेको छु, अहिले त्यसले उत्पादन दिन थालेको छ, उत्पादन भएको केरा बिक्रीका लागि बजार अभाव छैन, खेती गर्न पनि कठिन छैन', बस्नेतले भने । व्यावसायिक रूपमा पशुपालन गरेर दूध बिक्री गर्दै आउनुभएका बस्नेतले गाउँ नजिकै रहेको गलेश्वर बजारमा दूध तथा केरा बिक्री गरेर मासिक २७ हजार रुपैयाँ बराबर आम्दानी हुने गरेको अनुभव सुनाए ।
गाउँमा अधिकांश घरले केराखेतीबाट नगद आम्दानी गर्न थालिसकेका छन् । परम्परागत खेतीबाट नगद आम्दानी नहुने र श्रम गर्ने जनशक्तिको अभाव हुन थालेपछि अन्नबालीको विकल्पमा यस गाउँमा केराखेती विस्तारले तीव्रता पाएको थियो । स्थानीय किसान टेकबहादुर भण्डारीले अन्नबालीको तुलनामा केराखेतीबाट तेब्बर बढी आम्दानी हुने गरेको सुनाए ।
करिब पाँच वर्षदेखि केराखेती गर्नुभएका बस्नेतले धानखेती हुने करिब आठ रोपनी खेतमा केराखेती विस्तार गरेका छन । 'अन्नबाली लगाउनुभन्दा केराखेतीबाट धेरै फाइदा छ, बिरुवा लगाएपछि हिउँदयाममा सिँचाइ पुर्याउन सकियो भने उत्पादन राम्रो हुन्छ, पहिले अन्नबाली लगाउने स्थानीय अहिले फलफूलखेतीतर्फ आकर्षित भएका छौँ', उनले भने ।

**स्वरोजगार र समृद्धिका लागि पकेट क्षेत्र विस्तार**
म्याग्दी अहिले पनि केरामा आत्मनिर्भर बन्न सकेको छैन । बेनी नगरपालिका–२ खबरा, बगरफाँट, वडा नं ९ को काउलेगौँडा केराखेतीको पकेट क्षेत्र मानिन्छ । नगरपालिकाले सम्भावित खेतीको व्यावसायिकता बढाउन र किसानलाई स्वरोजगार, जिल्लालाई आत्मनिर्भर, गाउँलाई समृद्धिको बाटोमा अघि बढाउन पकेट क्षेत्र विस्तारलाई जोड दिएको छ ।
चालु आर्थिक वर्षमा वडा नं ३ भकिम्लीलाई विकी र वडा नं ९ घतानको काउलेगौँडालाई केरा पकेट विस्तार कार्यक्रम सञ्चालन गरी किसानलाई प्रोत्साहन गरिएको बेनी नगरपालिकाका कृषि अधिकृत आकृति ढुङ्गानाले बताए । उनका अनुसार, नगरपालिका र कृषक समूहको १२–१२ रुपैयाँ लाखको साझेदारीमा सञ्चालन गरिएको केरा पकेट क्षेत्र विस्तार कार्यक्रमबाट कम्तीमा ६० प्रतिशत रकम केराको क्षेत्र विस्तारमा लगानी भएको छ ।
बेनी –९ घतानका वडाध्यक्ष चक्रबहादुर केसीले निर्वाहमुखी खेती किसानीबाट काउलेगौँडाका किसान केराखेतीको व्यावसायिकतामा लागेको बताए । स्थानीयले खेतबारी बाँझो रहन नदिन सुरु गरेको केराखेती सफल भएपछि अहिले अभियानकै रूपमा केराखेती विस्तारले तीव्रता पाएको र यसले यहाँका स्थानीयको जीवनस्तर सुधारमा पनि सघाउन थालेको वडाध्यक्ष केसीले जानकारी दिए । यहाँ उत्पादन भएको केरा अहिले गलेश्वर बजार र सदरमुकाम बेनीमा खपत हुँदै आएको छ ।
बजार खोज्न नपर्ने र व्यापारी केरा खरिदका लागि गाउँमै पुग्ने भएकाले केराखेतीमा आकर्षण बढेको छ । बोट लगाएको दुई वर्षभित्र नै उत्पादन दिन सुरु गर्ने र एउटा बोटबाट दर्जनौँ घारीका रूपमा विस्तार हुने तथा अन्य फलफूलको तुलनामा गोडमेल र मलजलमा समेत झन्झट कम हुने भएकाले केराखेती किसानको रोजाइमा पर्न थालेको छ । म्याग्दीमा अहिले पनि बाहिरबाट केरा आयात हुने भएकाले केराखेतीको पकेट विस्तारले जिल्लालाई केरा उत्पादनमा आत्मनिर्भर बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । रासस

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**



- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठवरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घर भन्दा टाढा राखौं।

गढिमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रौतहट, मधेश प्रदेश नेपाल

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**



- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठवरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घर भन्दा टाढा राखौं।

स्वास्थ्य कार्यालय
रौतहट, मधेश प्रदेश नेपाल

# धानखेतीलाई परम्परागत प्रणालीबाट आधुनिक प्रविधिमा रुपान्तरण गर्नुपर्छः उपराष्ट्रपति यादव

**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले धानखेतीलाई परम्परागत प्रणालीबाट आधुनिक प्रविधिमा रुपान्तरण गर्दै सिँचाइ, बीउ, मल र यान्त्रिकीकरणमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याएका छन ।

उपराष्ट्रपति यादवले २२औँ राष्ट्रिय धान दिवसका अवसरमा आईतवार शुभकामना व्यक्त गर्दै सबै मिलेर दिगो कृषि प्रणाली स्थापनातर्फको यात्रामा दृढतापूर्वक अघि बढ्दै खाद्य सुरक्षाको मेरुदण्डलाई थप बलियो बनाउनुपर्ने बताएका छन । धानखेतीलाई परम्परागत प्रणालीबाट आधुनिक प्रविधिमा रुपान्तरण गर्दै सिँचाइ, बीउ, मल र यान्त्रिकीकरणमा लगानी बढाउन जरुरी रहेको उपराष्ट्रपति यादवको भनाइ छ ।

'जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न जलवायु अनुकूल बीउको प्रयोग, पानीको व्यवस्थापन र जैविक मलको प्रयोगलाई प्राथमिकता दिँदै जलवायुमैत्री कृषिकर्मलाई प्रवद्र्धन गर्न उत्तिकै आवश्यक छ । ध ान आयात घटाउने रणनीतिका साथ अघि बढ्दै नेपालमा वार्षिक रूपमा अर्बौं रुपैयाँ बराबरको चामल आयात रोक्न जरुरी छ', उपराष्ट्रपति यादवको सन्देशमा उल्लेख छ ।

धान उत्पादन बढाउने, भण्डारणमा सुधार र बजारमा पहुँच विस्तार गर्ने नीतिको सशक्त कार्यान्वयनमा जोड दिनुपर्ने उल्लेख गर्दै उपराष्ट्रपति यादवले बीउमा अनुदान, सिँचाइ सुविधामा वृद्धि, कृषक परिचयपत्र र बीमाजस्ता कार्यक्रमलाई थप प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याए ।

यो दिवस आत्मनिर्भर र समृद्ध नेपाल निर्माण गर्ने साझा लक्ष्यसहित उन्नत कृषि प्रणालीको विकास र आधुनिकीरणप्रतिको दृढसङ्कल्पको प्रतीकका रूपमा लिइन्छ । किसानका सीप, निरन्तर श्रम र धैर्यलाई सम्मान गर्दै कृषि क्षेत्रलाई समृद्ध, उत्पादनमुखी र जलवायु अनुकूल बनाउन यो दिवसले सबै नेपालीलाई अभिप्रेरित गर्दछ । धान, हाम्रो खाद्य सुरक्षाको मेरुदण्ड र कृषि अर्थतन्त्रको आधारस्तम्भ हो । धानबालीमा स्थानीय जातहरूको संरक्षण र उन्नत प्रविधिको प्रयोग गर्दै जलवायु अनुकूल, उत्पादनमुखी तथा समावेशी कृषि प्रणाली अङ्गीकार गर्नुपर्ने उपराष्ट्रपति यादवको भनाइ छ ।

'विभिन्न भौगोलिक क्षेत्रका लागि उपयुक्त, उत्पादनशील र पोषणयुक्त जातको धान प्रवद्र्धनमा जोड दिनुपर्दछ, किसानप्रतिको सहानुभूति र सम्मान अभिव्यक्त गर्न सरकारले अवलम्बन गरेको कृषिनीति कृषिको आधुनिकीकरण, जलवायु अनुकूल प्रविधिको प्रवद्र्धन, व्यवसायीकरण र किसानको सामाजिक सुरक्षामा केन्द्रित कार्यक्रम धान उत्पादनमा वृद्धि तथा किसानको जीवनस्तर उकास्ने नीतिबाट अभिप्रेरित छन', उपराष्ट्रपति यादवको सन्देशमा उल्लेख छ ।रासस

# कृषिलाई आधुनिक पेसाका रूपमा विकास गर्न नीतिगत सुधार गर्नुपर्छः सभामुख घिमिरे



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले कृषिलाई आधुनिक, व्यावसायिक र आकर्षक पेसाका रूपमा विकास गर्न नीतिगत सुधारसहित उत्पादन वृद्धि र आत्मनिर्भरतातर्फ ध्यान दिन आह्वान गरेका छन ।

२२औँ राष्ट्रिय धान दिवसका अवसरमा आईतवार शुभकामना व्यक्त गर्दै सभामुख घिमिरेले भने, 'नेपालको अधिकांश खेती अझै पनि अकासे पानीमा निर्भर छ । सिँचाइ सुविधाको अभाव, समयमा मल नपाइने समस्या र उन्नत बीउको अभावले गर्दा उत्पादन क्षमतामा ठूलो प्रभाव परेको छ ।'

उत्पादन वृद्धि एवं आधुनिकीकरण र व्यवसायीकरणलाई प्रवद्र्धन गर्ने हेतुले २०६१ सालदेखि नियमित रूपमा प्रत्येक वर्ष असार १५ मा राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाउने गरिएको छ । यस वर्ष 'धानबालीमा सघनताः खाद्यसुरक्षा र आत्मनिर्भरता' नारासहित राष्ट्रिय धान दिवस मनाइरहेका छौँ । किसान र सरोकारवाला सम्बद्ध पक्षहरूलाई सचेत तथा जागरुक बनाउने सन्देशसहित देशलाई खाद्यान्नमा आत्मनिर्भर र खाद्य सुरक्षित हुने दिशामा काम गर्न अभिप्रेरित गर्नु यस वर्षको नाराको सन्देश रहेको छ ।

सभामुख घिमिरेले प्रमुख खाद्यान्न बालीका रूपमा रहेको धान नेपालीको खाद्य सुरक्षाको प्रमुख आधार भएको उल्लेख गर्दै त्यसको आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिकलगायतको महत्व रहेको बताए । उनले भने 'धान एक बालीमात्र नभई औसत नेपालीको जीवन पद्धति पनि हो, देशको करिब ६५ प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिकर्ममा संलग्न छन्, तथ्याङ्कानुसार नेपाल अझै पनि धान–चामलमा आत्मनिर्भर बन्न नसक्नु विडम्बना हो, कृषिप्रधान मुलुकको यस यथार्थप्रति गम्भीर आत्ममूल्याङ्कन गर्नुपर्ने अवस्था आएको छ ।रासस

# परनिर्भरताको अन्त्यका लागि किसानलाई न्याय गर्नुपर्छः अध्यक्ष दाहाल



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि किसानलाई वास्तविक अर्थमा न्याय गर्नुपर्ने बताएका छन ।

धान दिवसका अवसरमा आईतवार शुभकामना सन्देश दिनुहुँदै अध्यक्ष दाहालेले जलवायु अनुकूल धानका जात र स्थान विशेषका आधारमा मल सिफारिसलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताएका छन । उनले सहकारीमार्फत साना किसानलाई बजारको सहज पहुँच प्रदान गर्न आग्रह गरेका छन ।

अध्यक्ष दाहालले आफ्नो सन्देशमा भनेका छन,'धानबाली हाम्रो प्रमुख खाद्यबाली मात्र नभएर यो हाम्रो सांस्कृतिक पहिचान, आर्थिक आधार र आत्मनिर्भरताको महत्त्वपूर्ण कडी पनि हो ।'

नेपालको कुल खाद्यान्न उत्पादनमा धानको योगदान करिब ५० प्रतिशतभन्दा बढी छ । यो हाम्रो राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको अध्यक्ष दाहालले बताए । यस वर्षको नारा 'धान बालीमा सघनताः खाद्य सुरक्षा र आत्मनिर्भरता'ले धानखेतीमा उत्पादकत्व वृद्धि र आत्मनिर्भर अर्थतन्त्रको आवश्यकता दर्शाउने उनले उल्लेख गरे ।

समयमा मल, बीउ र सिँचाइको अभावले किसानले ठूलो कठिनाइ भोगिरहनुपरेको अध्यक्ष दाहालको भनाइ छ ।

सन्देशमा अगाडि भनिएको छ, 'मैले नेतृत्व गरेको सरकारको पालामा, हामीले रासायनिक मलको आयात र वितरणमा पारदर्शिता ल्याई समयमै मल आपूर्ति सुनिश्चित गरेका थियौँ, ठूला, मझौला र साना सिँचाइ परियोजनालाई प्राथमिकता दिँदै किसानका खेतसम्म पानी पुर्याउन सघन प्रयास गरेका थियौँ ।'

उनले वर्तमान गठबन्धन सरकारको कमजोर नीतिका कारण मल र सिँचाइको समस्या झनै जटिल बन्दै गएको बताएका छन ।

धानबालीमा सघनता ल्याएर खाद्य सुरक्षा र आत्मनिर्भर नेपाल निर्माणका लागि बीउ, मल तथा सिँचाइका साथै धान जोनहरूमा पर्याप्त लगानी जुटाउन सरकारसमक्ष माग गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि धानखेतीमा परनिर्भरताको अन्त्य गर्नुपर्नेमा जोड दिएका छन ।

'सरकारले यो विषयमा गम्भीर बनेर किसानलाई न्याय गर्न माग गर्न चाहन्छु, सरकारसँग धानबालीमा सघनता ल्याउन बीउ, मल, सिँचाइ र धान जोनमा पर्याप्त लगानी सुनिश्चित गर्न सकिन्छ', अध्यक्ष दाहालले भने ।रासस

# राष्ट्रपतिद्वारा धानदिवसको शुभकामना

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले श्रम शक्ति तथा अन्य जनशक्तिलाई स्वदेशमै क्रियाशील गराइ आधुनिक कृषि प्रविधिको विकास तथा विस्तार गर्नुपर्ने खाँचो औल्याएका छन ।

राष्ट्रिय धान दिवसका अवसरमा आईतवार शुभकामना सन्देश जारी गर्दै उनले धानसँग सम्बन्धित खाद्य प्रविधिको विस्तार गर्न आग्रह गर्दै धान एवं चामल आयात बर्सेनि बढ्दै जानु चिन्ताको विषय हो भने । राष्ट्रपति पौडेलले जमिन बाँझो रहने अवस्थाको अन्त्य गरी श्रम गर्ने संस्कृतिको विकाससँगै धान उत्पादनमा आत्मनिर्भर हुनेगरी हाम्रो प्रयासहरूलाई केन्द्रित गर्नुपर्ने खाँचो औँल्याए ।

शुभकामनामा भनिएको छ, 'धान बालीमा जलवायुमैत्री प्रविधिहरूको अवलम्बन गर्दै धान एवं चामलको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन, खाद्य सुरक्षाको सुनिश्चितता र कृषि श्रमको सम्मान गर्ने संस्कृति बसाल्न आजको दिनले थप प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।'

नेपालमा कृषिको महत्त्व बढाउँदै राष्ट्रिय खाद्य सुरक्षामा धानको भूमिकालाई महत्त्व दिनेगरी धानको उत्पादन वृद्धि गर्न तथा यसलाई आधुनिकीकरण र व्यवसायीकरण गरी किसानको मनोबल वृद्धि गर्ने उद्देश्यले २०६१ सालदेखि प्रत्येक वर्ष असार १५ गतेलाई राष्ट्रिय धान दिवसका रूपमा मनाउन सुरू गरिएको हो । यस वर्ष 'धान बालीमा सघनताः खाद्य सुरक्षा र आत्मनिर्भरता' भन्ने आदर्श वाक्यका साथ राष्ट्रिय धान दिवस, २०८२ मनाइँदै छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हकको व्यवस्था गरेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि धानखेतीको प्रवद्र्धन गर्नु आवश्यकता औँल्याएका छन ।

सन्देश भनिएको छ, 'नेपाल कृषिप्रधान देश हो । यहाँका अधिकांश जनताको प्रमुख खाद्यान्न बाली धान हो । त्यसैले धानखेती नेपाली समाज र जीवनसँग अभिन्न भएर रहेको छ । यसले हाम्रो जीवनमा आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय महत्त्व पनि राख्दछ ।' विश्वव्यापी जलवायु परिवर्तनले धानखेतीमा पारेको र पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न सरकार, किसान र सरोकारवाला पक्षलाई सचेत र जागरुक बनाई धानको उत्पादन एवं उत्पादकत्व बढाउँदै धानबालीको विविधिकरण गर्नुपर्ने आजको आवश्यकता भएको उनको भनाइ छ ।

राष्ट्रपति पौडेलले नेपालमा धानखेतीका लागि पर्याप्त सिँचाइको व्यवस्था भइनसकेको सन्दर्भमा वर्षा राम्रो नभएको वर्ष धान उत्पादन घट्ने र वर्षा राम्रो हुँदा उत्पादन बढ्ने गरेको तथ्यहरूले देखाउने बताउँदै धानखेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्न राज्यको ध्यान केन्द्रित हुन जरुरी रहेको बताए । 'धान एवं चामल आयात बर्सेनि बढ्दै जानु चिन्ताको विषय हो । जमिन बाँझो रहने अवस्थाको अन्त्य गरी श्रम गर्ने संस्कृतिको विकाससँगै धान उत्पादनमा आत्मनिर्भर हुनेगरी हाम्रो प्रयासलाई केन्द्रित गर्नुपर्ने खाँचो छ', सन्देशमा भनिएको छ ।रासस

# कृषकमैत्री प्रविधिहरूको प्रयोगमार्फत धानबालीको उत्पादन बढाउन सकिन्छः उपसभामुख रानामगर

**काठमाडौँ ।**
उपसभामुख इन्दिरा रानामगरले खाद्य सुरक्षा एवं पोषणको अवस्थामा सुधार ल्याउन तथा दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि अन्तरराष्ट्रिय प्रतिबद्धता र कृषि विकास रणनीतिको प्रभावकारी कार्यान्वयन अहिलेको आवश्यकता भएको बताएकी छन ।

धान दिवसका अवसरमा आईतवार शुभकामना व्यक्त गर्दै उनले भनिन, 'जलवायु अनुकूलित प्रविधिको प्रसार, जैविक विविधताको उपयोग गरी पोषणयुक्त धानका उच्च उत्पादन दिने जातहरूको विकास तथा उत्पादनमा कृषकमैत्री प्रविधिहरूको प्रयोगमार्फत धान बालीको उत्पादन बढाउने रणनीतिले मात्र धान दिवसको सार्थकता प्रदान गर्छ भन्ने विश्वास लिएको छु ।'

किसानको जीवनस्तर उकास्न नीति निर्माणदेखि व्यावहारिक कार्यान्वयनसम्म सबै तहमा संवेदनशील हँदै धान उत्पादन एवं उत्पादकत्व बढाउन तथा खाद्य सुरक्षामा किसानलाई जागरूक बनाउनुपर्ने उनको भनाइ छ ।

'धान बालीमा सघनताः खाद्य सुरक्षा र आत्मनिर्भता' नाराका साथ आज मुलुकभर २२औँ राष्ट्रिय धान दिवस तथा रोपाइ महोत्सव २०८२ मनाइँदै छ । असार १५ नेपाली समाजमा दही चिउरा खाने पर्वका रूपमा पनि परिचित छ । खेतीपातीबाहेक अन्य पेसा तथा व्यवसायमा लागेका नेपालीहरूले आज दही चिउरा खाई असार १५ मनाउँछन् । नेपाल कृषि प्रधान देश हो । यहाँका अधिकांश जनता कृषिमै निर्भर छन् र हाम्रो प्रमुख खाद्यान्न बाली धान हो ।

उपसभामुख रानाले भनिन, 'धानखेती हाम्रो समाज र जीवनसँग अभिन्न भएर रहेको छ, त्यतिमात्र होइन यसले हाम्रो जीवनमा आर्थिक, सामाजिक, सांस्कृतिक एवं धार्मिक महत्व पनि राख्दछ, धानको उत्पादन वृद्धि आधुनिकीकरण र व्यवसायीकरणलाई प्रवद्र्धन गर्ने उद्देश्य राष्ट्रिय धान दिवसको रहेको छ ।'

नेपालको संविधानले प्रत्येक नागरिकको खाद्यसम्बन्धी हकलाई मौलिक हकका रूपमा सुनिश्चित गर्दै खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक पनि सुनिश्चित गरेको छ ।रासस

# मनोविज्ञान तथा मनोपरामर्श सम्मेलनः अध्ययन अनुसन्धानमा जोड

**काठमाडौँ ।**
त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा भएको पहिलो राष्ट्रिय मनोवैज्ञानिक तथा मनोपरामर्श सम्मेलन अध्ययन तथा अनुसन्धान बढाउनुपर्नेमा जोड दिँदै सकिएको छ ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय मनोविज्ञान विभाग र त्रिविकै मनोपरामर्श एमए कार्यक्रमको संयुक्त आयोजनामा शनिबारदेखि भएको सम्मेलनमा ३२ वटा विभिन्न अनुसन्धानमूलक कार्यपत्र प्रस्तुत गरिएका र त्यसले विश्वविद्यालयले अध्ययन अनसन्धानमा जोड दिँदै नयाँ खोज गर्नुपर्नेमा त्रिविका मनोविज्ञान केन्द्रीय विभागका प्रमुख डा खेमराज भट्टले जानकारी दिए ।उक्त सम्मेलनमा विभिन्न पाँच सत्र आयोजना गरिएको थियो । 'शिक्षा र साइकोमेट्रिक्स' शीर्षकमा भएको सत्रको अध्यक्षता डा सन्देश ढकालले गरेका थिए । 'बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्य' शीर्षकको अर्को सत्रको अध्यक्षता डा नन्दिता शर्माले गरेका थिए ।

'मनोविज्ञान र मनोपरामर्शमा समसामयिक विषय' शीर्षकको अर्को सत्रको अध्यक्षता डा नारायणप्रसाद शर्माले गरेका थिए । 'डिजिटल स्वास्थ्य र अन्य विषयहरू' शीर्षकको सत्रको अध्यक्षता डा खेमराज भट्टले गर्नुभएको थियो भने 'कार्यस्थल व्यवहार' शीर्षकको अर्को सत्रको अध्यक्षता डा केदार रायमाझीले गरेका थिए ।

कार्यक्रममा मनोविज्ञान क्षेत्रका विज्ञ, विभिन्न क्याम्पसका विभागीय प्रमुख, शिक्षक, विद्यार्थी साथै मनोविज्ञान क्षेत्रमा रुचि रहेकाहरूको उल्लेख्य उपस्थिति थियो । नेपालमा पछिल्लो समयमा मानिस डिप्रेसनमा जाने र आत्महत्यासम्म पुग्ने अवस्था दैनिकजसो देखिँदै आएको छ । प्रहरीको तथ्याङ्कमा पनि आत्महत्याको दर बढिरहेको छ ।

'साइकोलोजी इन द चेन्जिङ वल्र्ड' भन्ने नारासहित आयोजना गरिएको समेलनमा त्रिविका रेक्टर प्रा डा दुविनन्द ढकालले यस्ता कार्यक्रमले मनोविज्ञान मात्रै नभएर सामाजिक विज्ञानका क्षेत्रमा सकारात्मक योगदान गर्ने बताउँदै यसको आगामी वर्षमा पनि निरन्तरताका लागि आग्रह गरेका छन । 'सामाजिक क्षेत्रमा देखिएको विभिन्न जटिलतालाई यस्ता किसिमका सम्मेलनले सम्बोधन गर्न भूमिका खेल्छ', उनले भने, 'आफ्नो स्थानबाट समाजलाई सकारात्मक दिशा प्रदान गर्न यो सम्मेलनले महत्वपूर्ण सुरुवात गरेको छ, आगामी दिनमा यसको दायरा बढाउँदै लैजानुपर्छ ।'

मनोविद् डा शिशिर सुब्बाले मनोविज्ञान आयातित ज्ञान भएकाले पश्चिमको आँखाले पूर्वका समस्यालाई हेर्न नहुने बताए । उनले पश्चिमको ज्ञानलाई पूर्वको संस्कृतिसँग जोड्न सकियो भने मनोविज्ञानको ज्ञान प्रभावशाली बन्न जाने बताए ।

मनोविज्ञान केन्द्रीय विभागका प्रमुख डा खेमराज भट्टले नेपालमा विसं २०३८ देखि मनोविज्ञानको सुरु भएको तर नेपालकै सांस्कृतिक र धरातलीय यथार्थमा भएका अनुसन्धानको भने कमी रहेकाले पनि यस क्षेत्रको विकासका लागि अध्ययन अनुसन्धान आवश्यक रहेको बताए ।

यसको यथार्थ महसुस गरेर नै पहिलो राष्ट्रिय सम्मेलन आयोजना गरिएको उनको भनाइ थियो । 'अरु विभागसँगै स्थापना भएको मनोविज्ञान नयाँ विषय होइन, औपचारिक रुपमा २०३८ सालबाट सुरु भएको यो विभागलाई अझै परिष्कृत बनाउँदै यहाँसम्म आइपुग्ने क्रममा यो सम्मेलन आयोजना भएको हो', उनले भने ।

उनले आगामी दिनमा नेपालमा मनोविज्ञानको अन्तरराष्ट्रिय सम्मेलन गर्ने योजनाबारे जानकारी गराएका छन । सम्मेलनका लागि ठूलो सङ्ख्यामा अनुसन्धाताको कार्यपत्र आएको र तीमध्ये छानिएका कार्यपत्र सम्मेलनमा प्रस्तुत गरिएको उनले बताए ।

त्यस्तै मनोपरामर्श एमए कार्यक्रमका प्रमुख डा सन्देश ढकालले कार्यक्रमका सहभागीलाई धन्यवाद दिँदै सबैको साथ र सहयोगले सम्मेलन गर्न सफल भएको बताए । त्रिवि विश्वविद्यालय क्याम्पसका प्रमुख डा अक्कलदेव मिश्रले समाज विज्ञान, प्राकृतिक विज्ञान र गणित विज्ञानको महत्वबारे कार्यक्रममा स्पष्ट पार्दै मनोविज्ञानसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन आयोजना गरेकामा आयोजकलाई बधाई दिए ।

विभागका पूर्वप्रमुख प्राडा नन्दिता शर्माले सम्मेलन होला नहोला भन्ने परिस्थितिका बाबजुद सहज तवरले सफलतापूर्वक सम्पन्न भएको आभार व्यक्त गरे ।रासस

# बालकको मृत्युले सिरहा तनावग्रस्तः आफन्त र प्रहरीबीच झडप

**मधेशदृष्टि**
**सिरहा ।**

सिरहास्थित प्रादेशिक अस्पतालमा उपचारको क्रममा एक १० वर्षीय बालकको मृत्यु भएपछि उत्पन्न तनावका कारण स्थानीय बासिन्दा र सुरक्षाकर्मीबीच झडप भएको छ । उपचारमा चिकित्सकीय लापरबाही भएको भन्दै आक्रोशित आफन्त र स्थानीयबासीले अस्पतालमा तोडफोडको प्रयास गरेपछि स्थिति तनावपूर्ण बनेको हो । मृतक बालक सिरहा नगरपालिका–६ बसबिट्टाका झल्लु महराका छोरा राजन महरा रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।



दुई दिनदेखि ज्वरोले ग्रसित राजनलाई बिहान अचानक अवस्था गम्भीर भएपछि परिवारले उनलाई अस्पताल पुर्‍याएको थियो । मृतकका ठुलीआमा सोभा महराका अनुसार अस्पताल पुगेर डाक्टरको सल्लाह अनुसार बालकलाई दूध र बिस्कुट खुवाइएको थियो । त्यसपछि दिइएको सुईलगत्तै राजन चिच्याउँदै भुइँमा ढले र केही मिनेटमै ज्यान गयो । चिकित्सकले प्रारम्भिक परीक्षण र आवश्यक सतर्कता नअपनाई उपचार अघि बढाएको र त्यही लापरबाहीका कारण बालकको मृत्यु भएको परिवारको आरोप छ । बालकको मृत्यु भएपछि अस्पताल परिसरमा चर्को तनाव सिर्जना भएको छ । आक्रोशित आफन्तजन र स्थानीयबासीले दोषी चिकित्सक र अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सोहेन्द्र प्रसाद यादवमाथि कारबाहीको माग राख्दै प्रदर्शन गरेका थिए । उनीहरूले अस्पतालभित्र तोडफोड प्रयास गरेपछि प्रहरी परिचालन गरिएको थियो ।

स्थिति नियन्त्रणमा लिन खटिएको प्रहरी टोलीसँग प्रदर्शनकारीबीच झडप हुँदा ९ जना प्रहरी र एक महिला प्रदर्शनकारी घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी विरेन्द्रकुमार पासवानका अनुसार भीड नियन्त्रणका लागि प्रहरीले अश्रुग्यास प्रहार गर्नुपरेको थियो । अस्पताल प्रशासनले बालकको मृत्युबारे औपचारिक प्रतिक्रिया दिएको छैन ।

# खातुन बलात्कार–हत्याकाण्डः पाँच वर्षपछि अभियुक्त पक्राउ



**मधेशदृष्टि**
**महोत्तरी ।**

साढे चार वर्षअघि महोत्तरीको बर्दिवासमा बलात्कारपछि हत्या गरिएकी ६ वर्षीया बालिका गुलाप्सा खातुनको बहुचर्चित घटनामा फरार रहेका दुई प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीले आइतबार पत्रकार सम्मेलन गर्दै उक्त घटनामा संलग्न ठहर गरिएका ६० वर्षीय राजकिशोर साह र उनकी ५१ वर्षीया श्रीमती शुशिला देवी साहलाई सार्वजनिक गरेको हो । उनीहरू घटना भएदेखि नै फरार रहँदै भारतमा लुकेर बसिरहेका थिए ।

प्रहरीका अनुसार राजकिशोर र शुशिला देवी बर्दिवास–१४ शुभम बस्तीमा स्थायी रूपमा बस्दै आएका थिए भने उनीहरू हाल भारतमा लुकिछिपी बसिरहेका थिए । गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले जलेश्वर नगरपालिका–१२ नैन्ही नजिकैको भारतीय सीमाक्षेत्रमा आफन्तसँग भेटघाटका लागि आएका बेला उनीहरूलाई शुक्रबार पक्राउ गरेको हो । जिल्ला प्रहरी प्रमुख एसपी हेरम्ब शर्माले घटनाका बाँकी फरार अभियुक्तको खोजीका लागि प्रहरीले निरन्तर निगरानी गरिरहेको जानकारी दिए । पक्राउ परेका दुवैजनालाई आवश्यक कानुनी प्रक्रिया अघि बढाउन महोत्तरी जिल्ला अदालतमा पेश गरिएको छ । २०७७ साल मंसिर ९ गते बर्दिवास नगरपालिका–१४ स्थित घरनजिकैको झाडीमा गुलाप्सा खातुनको शव भेटिएको थियो । बाराको कलैया–१५ घर भएकी गुलाप्सा परिवारसँग बर्दिवास–१४ मा डेरा गरी बस्दै आएकी थिइन् । घटनाको दुई दिनअघि उनी घरबाट हराएकी थिइन् । घटनाको अनुसन्धानपछि गुलाप्सामाथि बलात्कारपछि हत्या गर्ने मुख्य अभियुक्त २६ वर्षीय अरुण कुमार साह रहेको खुलेको थियो । अरुण राजकिशोर र शुशिला देवीका छोरा हुन् । उनले बालिकालाई ललाईफकाई घरभित्र लगेर बलात्कार गरी हत्या गरेका थिए । शवलाई बोरामा हालेर घरनजिकको झाडीमा फालिएको प्रहरीले जनाएको छ । मुख्य अभियुक्त अरुणलाई यसअघि नै पक्राउ गरी पुर्पक्षका लागि जलेश्वर कारागारमा राखिएको छ । बाबुआमा भने घटनापछि भारततर्फ भागेका थिए ।

# नेशनल मेडिकल र सहकारीबीच सम्झौता

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको भेडीयाही–१५ स्थित नेशनल मेडिकल कलेज, वीरगंज र पर्सा जिल्ला अन्तर्गतका २२ वटा सहकारी (साकोस) बिच स्वास्थ्य उपचार सेवा प्रदान गर्ने सम्झौता सम्पन्न भएको छ । आइतबार अस्पतालको सभा हलमा पर्सा जिल्लाका २२ वटा सहकारी (साकोस) का प्रतिनिधि र नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शहनवाज अन्सारीबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । प्रो.डा. जैनुदिन अन्सारीको अध्यक्षतामा आयोजित कार्यक्रममा सम्झौता पत्रमा हस्ताक्षर गरिएको हो ।



सम्झौताअनुसार ती सहकारी साकोसका सदस्यहरूलाई नेशनल मेडिकल कलेज मार्फत विशेष छुटसहित २० प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । स्वास्थ्य सम्झौता अन्तगर्त नेशनल मेडिकल कलेजले आफ्नो समझौतापत्रमा ‘क’ वर्ग र ‘ख’ वर्ग गरि छुट्याएको छ । ‘क’ वर्ग सहकारीका सदस्यहरुको लागि रहेको छ । जसमा स्वास्थ्य सुविधा तथा छुट ओपिडी टिकटमा २५ प्रतिशत, जेनरल बेड चार्जमा १५ प्रतिशत, आइसियु, एनआइसियु, पीआइसियुको बेड चार्जमा ५ प्रतिशत, जेनेरल लाप्रोस्कोपिक तथा इण्डो स्कोपिकमा ८ प्रतिशत, प्याथोलोजी जाँचमा १० प्रतिशत, यसैगरी भिडियो एक्सरे, एक्सरे, इसिजी, इन्डोस्कोपीमा ७ प्रतिशत, सिटीस्क्यान, एमआरआईमा ७ प्रतिशत, फार्मेसी ओपिडीमा १० प्रतिशत, फार्मेसी आईपिडीमा १५ प्रतिशत, डेन्टल प्रोस्युडरमा ७ प्रतिशत छुट दिने सम्झौता भएको हो । त्यस्तै ‘ख’ वर्गमा सहकारी संस्थाको कर्मचारी तथा संचालकहरुलाई विशेष छुट दिइएको छ । ओपिडी टिकटमा ५० प्रतिशत, जेनरल बेड चार्जमा २० प्रतिशत, आइसियु, एनआइसियु, पीआइसियुको बेड चार्जमा ५ प्रतिशत, जेनेरल लाप्रोस्कोपिक तथा इण्डो स्कोपिकमा १५ प्रतिशत, प्याथोलोजी जाँचमा १५ प्रतिशत, यसैगरी भिडियो एक्सरे, एक्सरे, इसिजी, इन्डोस्कोपीमा १२ प्रतिशत, सिटीस्क्यान, एमआरआईमा १० प्रतिशत, फार्मेसी ओपिडीमा १५ प्रतिशत, फार्मेसी आईपिडीमा १५ प्रतिशत, डेन्टल प्रोस्युडरमा ७ प्रतिशत छुट दिने सम्झौता भएको हो । सो उपचार सेवा शुल्क छुट सुविधाका लागि संस्थाले आफ्नो लेटर पैडमा सिफारिस गरेको हुनुपर्ने छ । यो सम्झौता एक वर्षसम्म लागू रहने तथा आवश्कता अनुसार दुवै पक्षको आपसी सहमतिमा थपघट वा परिमार्जन गर्न सकिने अस्पतालका प्रबन्ध निर्देशक शहनवाज अन्सारीले जानकारी दिए । सम्झौता कार्यक्रममा वीरगंज महानगरपालिकाका अधिकांश सहकारीहरुको उपस्थिति रहेको थियो । साथै सहकारीहरुले यस दिनलाई एतिहासिक दिनको रूपमा मानेका छन् । उनीहरूले अबदेखि गरीब, असहाय, मानिसहरूलें नेशनल मेडिकल कलेजमा उपचार गराउँदा सहज हुने र बिस्तारै सेवा सुविधालाई बढाउँदै जाने खुशी व्यक्त गरे । साथै अस्पतालका निर्देशक डाक्टर ईसरत जहान अन्सारीले यो दिन हामी सबैको लागि एतिहासिक दिन रहेको बताए । उनले अब शहरदेखि गाउँसम्मका जन्ताले स्वास्थ्य सेवा सहज रूपमा पाउने विश्वास व्यक्त गरे । सो अवसरमा अस्पतालका मार्केटिङ र एडमिसन एण्ड डाइरेक्टर आबिद हुसेन अन्सारी, को–अपरेटिभ म्यानेजर्स क्लबका अध्यक्ष रविभूषण श्रीवास्तवसहित क्लबका सम्पूर्ण कार्यसमितिको उपस्थिति रहेको थियो ।


## घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।



नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

१) शारीरिक यातनाः कुटपिट गर्ने गैर कानुनी रूपमा थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) मानसिक यातना : डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) यौनजन्य यातना : महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्‍याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) आर्थिक यातना : महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शब्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

सहयोगका लागि उजुरि गर्ने निकायहरू :
- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू
- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) :११४५
- प्रहरी कार्यालय : १००
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि): १०९८

**जनहितमा जारी सन्देश**
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम**


# ‘नारी शक्ति’ २६ सेप्टेम्बरमा प्रदर्शन हुने

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजमा आयोजित पत्रकार सम्मेलनमार्फत भोजपुरी चलचित्र ‘नारी शक्ति’ को प्रदर्शन मिति सार्वजनिक गरिएको छ । चलचित्र लेखक तथा निर्माता सरोज पण्डितले चलचित्र २६ सेप्टेम्बरमा प्रदर्शनमा आउने जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कलाकार नन्दु श्रीवास्तवले ‘नारी शक्ति’ चलचित्रले समाजमा सकारात्मक सन्देश दिने विश्वास व्यक्त गरे । उनले स्थानीय कलाकारहरूको प्रतिभालाई अगाडि ल्याउने यस्ता प्रयासहरू प्रशंसनीय रहेको भन्दै दर्शकलाई नेपाली भूमिमा बन्ने भोजपुरी चलचित्रलाई साथ दिन आग्रह गरे । चलचित्र पत्रकार संघ नेपाल पर्साका अध्यक्ष सूर्यनारायण वि.क.को अध्यक्षतामा भएको कार्यक्रममा सह–निर्माता रंजित साहले चलचित्रमा कुनै पनि अश्लील सामग्री नरहेको उल्लेख गर्दै यसलाई परिवारका सबै सदस्यले सँगै बसेर हेर्न सकिने बताए । मुख्य कलाकार सावन कुमारले पनि ‘नारी शक्ति’ विशुद्ध पारिवारिक चलचित्र भएको बताउँदै सबैलाई साथ दिन अपिल गरे । चलचित्रका निर्माता दुर्गेश चन्द्र यादव र सरोज पण्डित हुन् । रंजित साह, मैथिली देवी र सुमन भगतले सह–निर्माताको भूमिका निर्वाह गरेका छन् । कार्यकारी निर्माता शमीम अनवर, लाइन प्रोड्युसर मुन्ना सर्राफ र निर्देशक अनुपम साह रहेका छन् । संगीत निर्देशन मनोज बंटीको रहेको छ । चलचित्रमा सावन कुमार, तनुश्री, सन्नी भगत, सञ्जना, ध्रुव कोइराला, मुन्ना सर्राफ, रामबाबु साह, सन्तु राजलगायतका कलाकारको अभिनय रहेको छ ।



‘नारी शक्ति’ भोजपुरी फिल्म नेपाल र भारतबाहेक पहिलोपटक अष्ट्रेलियामा पनि प्रदर्शन गर्ने तयारी गरिएको छ । चलचित्र पत्रकार संघ नेपाल पर्साका अध्यक्ष वि.क.ले स्थानीय कला र कलाकारको संरक्षण तथा प्रोत्साहनका लागि संघ सधैं सहयोग गर्न तयार रहेको बताए ।

# धान दिवस मनाइयो

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

जनकपुरधामको नोचा पोखर नजिकै २२औं धान दिवस भव्यताका साथ मनाइएको छ । कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री तथा प्रदेश सभा सदस्य रामसरोज यादव थिए । कार्यक्रममा बोल्दै उनले दुई दशकअघि धान उत्पादनमा मधेश अग्रणी रहेको बताए । उनले भने, ‘यहाँबाट धान भारत निर्यात गरिन्थ्यो ।

तर, अहिले भारतबाट धान आयात गरिन्छ । यसको मुख्य कारण सिँचाइ, राम्रो बीउ र मलको अभाव हो । संघीय सरकार र प्रदेश सरकारले किसानहरूको समस्यालाई गम्भीरतापूर्वक लिँदैनन् ।’ जनकपुरधामका नगरप्रमुख मनोज कुमार साहले सरकारले समयमै मल, बीउ र सिँचाइको उचित व्यवस्था गरेमा हामी फेरि धान निर्यात गर्ने बताए । उनले कमला नदीको पानी जनकपुरधाममा ल्याउन सरकारले प्रयास गर्नुपर्ने बताए । कृषि विज्ञले धान उत्पादनका समस्या र उपाय माथि विस्तृत प्रकाश पारे । आनन्द नेपाल महोत्तरी र जनकपुरधाम उपमहानगरपालिकाको सहकार्यमा आयोजित २२औं राष्ट्रिय धान दिवसको अवसरमा ठूलो संख्यामा किसान र बुद्धिजीवीहरूको उपस्थिति थियो ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन